CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका

१४० पूर्णाङ्क

पाटन सौगलका वैद्य २४३-२९५

प्रताप मल्लको *तीर्थजात्रा*मा थप कुरा २९६

मल्लकालको *जातिनिर्णय* २९७-२९८

त्रिभुवनविश्वविद्यालयले वि.सं. २०२३ मा लिएको परीक्षामा धाँधली २९९-३१०

चौँतीसौँ वर्षको आम्दानीखर्चको विवरण ३११-३१२

संशोधन-मण्डल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

का.मे.अ.द.नं १५५/२४९

तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।

– बापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ । यस कारण यहाँ भूट्ये गुण अथवा दोष नलाइदिनुहोला ।]

पूर्णिमा

(इतिहास-प्रधान त्रैमासिक पत्रिका)

३५ वर्ष

४ अङ्क

सम्पादक –
महेशराज पन्त
दिनेशराज पन्त

प्रकाशक –
दिनेशराज पन्त
(संशोधन-मण्डलद्वारा)

यस अङ्कको मूल्य रु. ३५०।-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बिक्रीमा भएका हाम्रा कृति

१.	अभिलेख-संग्रह (६-१२ भाग)	५।००
२.	आदर्श, अ सप्लिमन्ट टु पूर्णिमा, द जर्नल् अफ् द संशोधन-मण्डल (१-२ सङ्ख्या)	५५०।००
३.	इतिहास-संशोधन	४००।००
४.	इतिहास-संशोधनहरूको अभिनन्दन-ग्रन्थ	५।००
५.	गोरखाको इतिहास (१-४ भाग)	५००।००
६.	त्रिकोपमिति	२५।४०
७.	दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेको धूपघडी	१००।००
८.	धादिङमा फेला परेका नेपाली कविता	७५।००
९.	नयराज पन्तको दृष्टिमा श्री ३ जङ्गबहादुर राणा	२००।००
१०.	नयराज पन्तलाई चिनाउनको लागि	२५।००
११.	नेपालको संक्षिप्त इतिहास	१२५।००
१२.	नेपालसंवत्को राष्ट्रिय मान्यताको अनौचित्य	५।००
१३.	पञ्चाङ्ग-संशोधन	१००।००
१४.	पं. गोपाल पाँडे र उनको घनमूल ल्याउने रीति	१६।४०
१५.	पशुपतिनाथको दर्शन स्पर्शन पूजनसम्बन्धमा समीक्षा	८०।००
१६.	पूर्णिमा (१-१४० पूर्णाङ्क)	९५५७।००
१७.	प्राचीन र नवीन गणितको तुलना	१५।००
१८.	बडागुरुज्यू विजयराजसँग सम्बद्ध पत्रहरू	५२५।००
१९.	बुद्धिविनोद-प्रश्नावली र त्यसको उत्तर	५०।००
२०.	म गोबरगणेश बनेछु	१२५।००
२१.	रत्नदीप	२।५०
२२.	रत्नदीप १ भाग	१०५।००
२३.	रत्नदीप २ भाग	९२।००
२४.	राजीवलोचन जोशीका बराज्यू दामोदर जोशी	७५।००
२५.	लिच्छवि-संवत्को निर्णय	१००।००
२६.	विद्या-रक्षा	१००।००
२७.	विश्रान्ति	८२।००
२८.	वृत्तशतक	३।००
२९.	व्याकरण-संशोधन	४५।००
३०.	श्री ३ महाराज पद्मशमशेरका कुरा	१२।००
३१.	सावधान-पत्र	१२५।००
३२.	सूची गोरखापत्रमा छापिएका नेवारी लेखको	३५०।००
३३.	हाम्रो उद्देश्य र कार्यप्रणाली	१००।००
३४.	हिन्दू सिद्धान्तज्यौतिष र ग्रीक सिद्धान्तज्यौतिषको तुलना	२९।००
३५.	हू डिड् अंशुवर्मन् राइट् ?	४०।००

हाम्रा कृति पाइने ठेगाना

संशोधन-मण्डल

२७ डल्लुआवासमार्ग, काठमाडौँ, नेपाल
फोन नं. ४६७०३८०, ४३०१०२५

११६ पावनगल्ली, धुम्बाराही, काठमाडौँ, नेपाल
फोन नं. ४४३५७४९, ९८४९२२१६४२

ई-मेल– samshodhanamandala@yahoo.com
पो.ब.नं. ४१६६, काठमाडौँ, नेपाल

हिमालयन बुक सेन्टर

रेडक्रस बिल्डिङ, बागबजार
पो.ब.नं. १३३९, काठमाडौँ, नेपाल
फोन नं. ४२४२०८५

वज्र बुक शप

ज्याठाटोल
पो.ब.नं. २१७७९, काठमाडौँ, नेपाल
फोन नं. ४२२०५६२

रत्न बुक डिष्ट्रिब्यूटर्स

७१ क ब्याङ्कमार्ग, बागबजार
पो.ब.नं. ९८, काठमाडौँ, नेपाल
फोन नं. ४२४२०७७, फ्याक्स नं. ४२४८४२१

रत्नपुस्तकभण्डार

ग्रीन हाउस २७१, माइतीघर, काठमाडौँ, नेपाल
फोन नं. ४२४०८५०

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पाटन सौगलका वैद्य

ने.सं. ६३७ (वि.सं. १५७४) देखि ने.सं. ८८५ (वि.सं. १८२२) भित्रका, पाटन सौगलका वैद्यसम्बन्धी २८ वटा लिखत

-महेशराज पन्त

पाटन सौगलका वैद्यहरूका झण्डै अढाइ सय वर्षभित्रका अर्थात् खुलाएर भन्दा वि.सं. १५७४ देखि १८२२ भित्रका २८ वटा लिखत यहाँ समेटिएका छन्। यी वैद्यहरूका सन्तान अहिले को हुन् भनी भन्न नसके पनि अनुमान गर्ने आधार भने पाइएको छ। वि.सं. १९६३ मा सौगलसँगैको लामुलमा जन्मेका सिद्धिगोपाल वैद्य (वि.सं. २०५९ मा मृत्यु)ले आफूभन्दा अगाडिका २१ पुस्ताले वैद्य काम गर्दै आएको भनी बोलेकाले[१] यही वंशमा उनको जन्म भएको देखिन आएको छ।

नेपालमा आयुर्वेदको उन्नतिमा यस वंशको अवदान कति थियो भन्ने कुरा यी लिखतबाट थाहा नभए पनि अर्थकरी विद्याको अभ्यासमा लागेको यस वंशले प्रशस्त सम्पत्ति जोडेको कुरा भने यिनमा लिपिबद्ध छ। अब यी लिखतबाट आउने कुरा।

१. फ्याक वैद्य भारोलाई भाइसमेतका हृदय र रत्न भन्नेले तथा त्यसै गरी भाइसमेतका बुद्धि भन्नेले आफ्नो जग्गा २४ गुन्दम्म शिवकामा ने.सं. ६३७ (वि.सं. १५७४) वैशाखशुक्लपञ्चमीको दिन बेच्दा किन्नेबाट उनीहरूले १३ शिवका तत्कालै पाए। बाँकी ११ शिवका १५ दिनभित्र पाउने शर्तअनुसार भुक्तानी भयो।[२]

२. यसको झण्डै ४ वर्षपछि ने.सं. ६४१ (वि.सं. १५७८) वैशाखशुक्लप्रतिपदाको दिन यिति वंथछेका दैवज्ञ शशिराज भारोले भोयुको भन्ने ठाउँको ६ रोपनी खेतमध्ये आफ्नो हकभोगको आधा अर्थात् ३ रोपनी खेत वर्षको ६ दम्म ब्याज तिर्ने शर्तमा फ्याक वैद्य भारोकहाँ बन्धकी राखी उनीसँग ४ गुन्दम्म शिवका सापटी लिए। ब्याज तिर्न नसकेको खण्डमा मात्र बन्धकी राखेको खेत बन्धकी लिनेले नै भोग गर्न पाउने भनी यस लिखतमा लेखिएकोले त्यो खेत दृष्टिबन्धकी भएको बुझिन्छ।[३]

३. यसको २५ महीना १५ दिनपछि ने.सं. ६४३ (वि.सं. १५८०) ज्येष्ठकृष्णतृतीयाको दिन चाबहाल (मूलमा- **चाबहार**)का फ्याक वैद्य भारोकहाँ याथखा ग्वाछेंका जयभीम महाथ भारोले ३ कर्ष गुन्दम्म शिवका सापटी लिई बन्दख्वात भन्ने ठाउँको १४ रोपनी खेतमध्ये आफ्नो हकभोगको आधा अर्थात् ७ रोपनी खेत

---

१. केशव खनाल २०५७: ५।
भैरव रिसाल २०५७: १-४।

२. यही लेखमा १ सङ्ख्या।

३. यही लेखमा २ सङ्ख्या।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ब्याजको सट्टा भोगचलन गर्न दिने शर्तमा ७ वर्षको लागि बन्धकी राखे ।[४]

४. यसको १ महीना पनि नपुग्दै ने.सं. ६४३ (वि.सं. १५८०) आषाढशुक्लत्रयोदशीको दिन सौगल (मूलमा- **सातिगल**) तल्लो (**कोथ्व**) चाबहाल (मूलमा- **चाबाहार**)का फ्याक वैद्य भारोकहाँ यखाका जयकीत महाथ भारोले १ प्ल २ कर्ष गुन्दम्म शिवका सापटी लिई बंदेख्वात भन्ने ठाउँको १४ रोपनी खेतमध्ये आफ्नो हकभोगको आधा अर्थात् ७ रोपनी खेत ब्याजको सट्टा भोगचलन गर्न दिने शर्तमा ७ वर्षको लागि बन्धकी राखे ।

यसरी १ महीना पनि नपुग्दै फ्याक वैद्यले २ जना महाथ बन्धुका, उही ठाउँका १४ रोपनी खेत बन्धकी लिएको यताबाट देखिएको छ ।[५]

५. फ्याक वैद्यलाई बंदेख्वातको ७ रोपनी खेत बन्धकी राखेको २० महीनापछि ने.सं. ६४५ (वि.सं. १५८१) माघकृष्णतृतीयाको दिन पहिले सापटी लिएको रकममा अपुग २ कर्ष शिवका फ्याक वैद्यले १८ दिनभित्र ब्याजसमेत तिर्ने शर्तमा उनलाई नै त्यो खेत बेची जयभीम महाथ भारोले फार्सेपत्र लेखिदिए ।[६]

यसरी झण्डै २० महीनाअगाडि बन्धकी लिएको खेत फ्याक वैद्यले पछि आफ्नो पारेको यताबाट देखिएको छ ।

६. यसको ४५ दिनपछि ने.सं. ६४५ (वि.सं. १५८१) चैत्रशुक्लपञ्चमीको दिन ललितब्रुमामा मानीगलको पूर्वपट्टि रहेको सौगल (मूलमा- **सातीगल**) तल्लो (**कोथो**) चाबहाल (मूलमा- **चाबहार**)का फ्याक वैद्य भारोलाई बंदेख्वातको ७ रोपनी खेत बन्धकी राखेको २१ महीनापछि पहिले सापटी लिएको रकममा अपुग ३ प्ल १ कर्ष गुन्दम्म शिवका, २ शिवका[७] फ्याक वैद्यले १५ दिनभित्र ब्याजसमेत तिर्ने शर्तमा उनलाई नै त्यो खेत बेची मानिगलको दक्षिणपट्टि रहेको यखा ग्वाछें[८]का जयकीत महाथ भारोले फार्सेपत्र लेखिदिए ।[९]

२१ महीनाअगाडि बन्धकी लिएको खेत फ्याक वैद्यले पछि आफ्नो पारेको यताबाट देखिएको छ ।

७. यसको ४ वर्ष ७ महीनापछि ने.सं. ६५० (वि.सं. १५८६) कार्तिकशुक्लद्वादशीको दिन फ्याक वैद्यले फेरि १ रोपनी खेत जोडेको लिखत पाइएको छ । खुलाएर भन्दा ललितब्रुमामा मानिग्लको पूर्वपट्टि रहेको सौगल (मूलमा- **सातिग्ल**) चाबहाल (मूलमा- **चाबाहार**)को घरमा बस्ने फ्याक भारोलाई सातिग्लबाहारमा नैर्ऋत्य

---

४. यही लेखमा ३ सङ्ख्या ।

५. यही लेखमा ४ सङ्ख्या ।

६. यही लेखमा ५ सङ्ख्या ।
यही लेखमा ७ सङ्ख्या ।

७. मूलको **गुन्दम्म शिवका प्ल स्वं ३ कर्षछि १ शिवका नशि २** को शब्दार्थ यो हो ।

८. यहाँ **श्रीषा ग्वाछें** छ । यिनै जयकीत महातको अर्को लिखतमा **श्रीयषा** (यही लेखमा ४ सङ्ख्या) र जयभीम महातको लेखमा चाहिँ **याथखा ग्वाछे** (यही लेखमा ३ सङ्ख्या) भएकोले यस ठाउँको नाउँ **यखा** वा **याथखा** देखिन्छ । यस कारण यहाँ **खा**को अगाडि अक्षर टुटेको देखिएकोले यहाँ मैले **यखा** लेखेको हुँ ।

९. यही लेखमा ६ र ७ सङ्ख्या ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अर्थात् दक्षिण-पश्चिमकोणमा बस्ने मालाकार जकताम भावोले आफ्नो हकभोगको ध्वरोख्वात भन्ने ठाउँको १ रोपनी खेत बेचे ।[१०]

८. यसको २७ महीना बितेपछि ने.सं. ६५२ (वि.सं. १५८८) माघकृष्णद्वितीयाको दिन स्वथान[११] चाबहाल (मूलमा- **चाबाहार**)का फ्याक वैद्य भारोले ५ रोपनी खेतको आधा बन्धकी लिएको लिखत पाइएको छ । खुलाएर भन्दा सातिगलबाहार यिखा कुलिछेँका रत्नचन्द[१२]ले आफ्नो हकभोगको, मनापरिख्वरोख्वात भन्ने ठाउँको अढाइ रोपनी खेत बर्सेनि ब्याज तिर्ने गरी बन्धकी राखे ।[१३]

९. यसको ९ वर्ष ९ महीनापछि ने.सं. ६६२ (वि.सं. १५९८) कार्तिककृष्णचतुर्थीको दिन स्वथा चाबहाल (मूलमा- **चाबाहार**)का फ्याक वैद्य भारोले ७ रोपनी खेतको ३ खण्डको १ खण्ड बन्धकी लिएको लिखत पाइएको छ । खुलाएर भन्दा सातिगलबाहारकुटुम्बज प्रधानमहापात्र हाकु वर्माले द्वलनोखा भन्ने ठाउँको ७ रोपनी खेतमध्ये आफ्नो हकभोगको ३ खण्डको १ खण्ड अर्थात् २ रोपनी ५ आना १ पैसा १ दाम खेत इखालखु (मूलमा- **येषालंषु**)का हर्षराज यिदिशि (ज्योतिषी = जोशी)कहाँ पहिले बन्धकी राखेका थिए । त्यो खेत हर्षराजसँग बन्धकी छुटाउन हाकु वर्माले फ्याक वैद्यसँग चाँदीका साढे ५ टङ्का अर्थात् ५ तवटङ्का र २ जवटङ्का सापटी लिई ब्याजसमेत तिर्ने शर्तमा फ्याक वैद्यकहाँ नै ९ वर्षको लागि त्यही खेत बन्धकी राखे ।[१४]

१०. यसपछि फ्याक वैद्यको चर्चा आउँदैन । उनले प्रधानमहापात्र हाकु वर्माको खेत बन्धकी लिएको झण्डै ६ वर्ष ९ महीनापछि सौगल चाबहालका जीवहेर वैद्यको चर्चा आउँछ । खुलाएर भन्दा ने.सं. ६६८ (वि.सं. १६०५) श्रावणशुक्लनवमीको दिन सौगल (मूलमा- **सातिग्ल**) चाबहाल (मूलमा-**चाबहार**)मा घर भएका जीवहेर वैद्य भारोकहाँ बखनिह्मंमा उत्तरपट्टि घर भएका जिकितराज भारोले चाँदीको ठूलो २ टङ्का र २ सुकी टङ्का सापटी लिई आफ्नो हकभोगको शुलंखु भन्ने ठाउँको १ कर्ष वाटिका अर्थात् बारीको आधा ७ वर्षको लागि भोगबन्धकी राखे ।[१५]

११. ने.सं. ६६९ (वि.सं. १६०६) वैशाखकृष्णप्रतिपदाको दिन ललितब्रुमामा मानिग्लको पूर्वपट्टि रहेको सौगलटोल (मूलमा- **सातिग्लतोल**)को तल्लो (**क्वथो**) चाबहाल (मूलमा-**चाबहार**)मा घर भएका जीवहेर

---

१०. यही लेखमा ८ सङ्ख्या ।

११. यस लिखतमा फ्याक वैद्यको वतन **स्वथान चाबाहार** र ने.सं. ६६२ (वि.सं. १५९८) कार्तिककृष्णचतुर्थीको लिखतमा **स्वथा चाबाहार** छ । यस लेखमा परेका, अरू अरू लिखतमा **चाबाहारसँगै स्वथान** वा **स्वथा** शब्द आएको छैन (३, ४, ६, ८, १०-२० सङ्ख्या हेर्नू) ।

१२. यस ताडपत्रमा बन्धकी राख्नेको नाउँ १ ठाउँमा **देवमालि रथनचन्द** (मूलको १ पङ्क्ति) र अर्को ठाउँमा **रथनचन्द शाहि** (पछाडिपट्टि) लेखिएको छ ।

१३. यही लेखमा ९ सङ्ख्या । ठाउँठाउँमा अर्थ नलागेकोले लिखतको पूरै भाव माथि आएको छैन ।

१४. यही लेखमा १० सङ्ख्या ।

१५. यही लेखमा ११ सङ्ख्या ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वैद्य भारोलाई बखनिह्मंमा घर भएका जिकितराज भारोले शुलंखु भन्ने ठाउँको २ कर्ष वाटिका अर्थात् बारीमध्ये आफूले झण्डै ९ महीनाअगाडि बन्धकी राखेको १ कर्ष बारी बेची राजीनामापत्र लेखिदिए ।[१६]

१२. यसको ७८ वर्षपछि साढे २२ वर्षसम्म त्यही सौगल चाबहालका विश्वराज वैद्यको चर्चा लिखतमा आउँछ । अघिल्ला ५ वर्ष १० महीनाभित्र उनले अचल सम्पत्ति जोडेको र उनका काका र भाइसमेतका उनको बीच अंशबण्डा भएको लिखत पाइएका छन् ।

१२.१. खुलाएर भन्दा ने.सं. ७४७ (वि.सं. १६८४) वैशाखकृष्णनवमीको दिन सौगलटोल (मूलमा- **सातिग्लटोल**) लामुल (मूलमा- **लंखवोलं**) चाबहाल (मूलमा- **चाबाहाल**)मा मूलचोकको उत्तरपट्टिको घरमा बस्ने विश्वराज वैद्यले चाबहाल (मूलमा- **चाबाहाल**)कै १ खा १७ हात नापो भएको तरकारीबारी राजा सिद्धिनरसिंह मल्लसँग १४ मोहर टङ्कामा किनेको,[१७] यसको झण्डै ४ वर्ष ३ महीनापछि ने.सं. ७५१ (वि.सं. १६८८) श्रावणकृष्णतृतीयाको दिन ललितब्रुमामा माणिग्लको पूर्वपट्टि रहेको सौगल (मूलमा- **शातिग्ल**) लामुल (मूलमा- **लंखवोलं**) तल्लो (**कोथ्व**) चाबहाल (मूलमा- **चाबाहाल**)का विश्वराज वैद्य भारोले सौगल (मूलमा- **सातिग्ल**) चोछेँभन्दा वायव्य अर्थात् उत्तर-पश्चिमकोणमा घर भएका विष्णुसिंह भारोसँग त्यही चोछेँननिको दक्षिणपट्टिको घर किनेको,[१८] यसको १९ महीनापछि ने.सं. ७५३ (वि.सं. १६८९) फाल्गुनकृष्णप्रतिपदाको दिन लामुल (मूलमा- **लंखवोलं**) तल्लो (**कोथ्व**) चाबहाल (मूलमा- **चाबाहाल**)मा घर भएका भाइसमेतका विश्वराज वैद्य भारो र उनका काका भीमसिंह वैद्य भारोको बीचमा ८५ रोपनीभन्दा बढी खेतबारीको बण्डा भएको[१९] लिखत पाइएका छन् ।

१३. विश्वराज वैद्य र यिनका काकाको बीचमा अंशबण्डा भएको १६ वर्ष ८ महीनापछि ने.सं. ७७० (वि.सं. १७०६) कार्तिककृष्णचतुर्थीको दिन सौगल (मूलमा- **सातिग्ल**) चाबहाल (मूलमा- **चाबाहार**)मा घर भएका विश्वराज वैद्य भारो आदिको समूह र केशवराज वैद्य भारो यी २ पक्षको बीचमा करारनामा भयो । ओलगाम भन्ने ठाउँका विजयकी नातिनीलाई केशवराज वैद्यले स्वास्नी ल्याएकाले उनीबाट छोराको जायजन्म भएमा त्यो थकाली हुन नपाउने र देवालीमा भित्रिन पनि नपाउने भनी त्यस करारनामामा लेखिएको छ ।[२०] यसको मतलब केशवराज वैद्यले ल्याएकी स्वास्नीको जात तल्लो भएको वा विवाहको विधि गरी उनीलाई नल्याएको हुनाले त्यस संसर्गबाट जन्मने छोरालाई अरू विवाहित सन्तान सरह अधिकार नदिएको देखिन्छ ।

विश्वराज वैद्य र केशवराज वैद्यको बीचमा के नाता थियो भन्ने कुरा त्यस करारनामाबाट नखुले पनि नाताले विश्वराजलाई केशवराजले मान्नुपर्ने जस्तो त्यसको लेखाइबाट अनुमान हुन्छ ।

---

१६. यही लेखमा १२ सङ्ख्या ।

१७. यही लेखमा १३ सङ्ख्या ।

१८. यही लेखमा १४ सङ्ख्या ।

१९. यही लेखमा १५ सङ्ख्या ।

२०. यही लेखमा १६ सङ्ख्या ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१४. यस करारनामाको झण्डै २८ वर्ष ५ महीनापछिको अर्थात् ने.सं. ७९८ (वि.सं. १७३५) चैत्रअमावास्याको दिन लामुल (मूलमा- **लंखवुलं**) तल्लो (**कोथो**) चाबहाल (मूलमा- **चाबाहार**)मा घर हुने विश्वनाथ वैद्यलाई राजा श्रीनिवास मल्लले धूनिलंको भन्ने ठाउँको पौने चार रोपनी खेत ३७५ मोहर टङ्कामा बेचे ।[२१]

१५. यसको ८ वर्ष १० महीनापछि ने.सं. ८०७ (वि.सं. १७४३) माघशुक्लषष्ठीको दिन लामुल (मूलमा- **लंखवोलं**) तल्लो (**क्वथ्व**) चाबहाल (मूलमा- **चाबाहार**)को घरमा बस्ने वैद्य विश्वनाथ भारोलाई राजा योगनरेन्द्र मल्लले बिसिंद्वं भन्ने ठाउँको १५ रोपनी खेत ५५० मोहर टङ्कामा बेचे ।[२२]

१६. यसको १७ महीनापछि ने.सं. ८०८ (वि.सं. १७४५) आषाढशुक्लषष्ठीको दिन लामुल (मूलमा- **लंखवोलं**) तल्लो (**क्वथ्व**) चाबहाल (मूलमा- **चाबहार**)को उत्तरपट्टिको घरमा बस्ने वैद्य विश्वनाथ भारोलाई राजा योगनरेन्द्र मल्लले सिलं भन्ने ठाउँको १० रोपनी खेत ४६० मोहर टङ्कामा बेचे ।[२३]

१७. यसको ३८ महीनापछि ने.सं. ८११ (वि.सं. १७४८) भाद्रशुक्लदशमीको दिन सौगल (मूलमा- **सातीग्ल**) लामुल (मूलमा- **लंखवोल**) तल्लो (**क्वथ्व**) चाबहाल (मूलमा- **चाबाहार**)को ननिको उत्तरपट्टिको घरमा बस्ने वैद्य विश्वनाथ भारोलाई राजा योगनरेन्द्र मल्लले त्यही लामुल (मूलमा- **लंखवोलं**)कै उत्तरपट्टिको २ खा, साढे १६ हात पातालजग्गा ८७ मोहर टङ्का ४० दम्ममा बेचे ।[२४]

१८. यसको ७ वर्ष सवा ६ महीनापछि ने.सं. ८१९ (वि.सं. १७५५) फाल्गुनकृष्णएकादशीको दिन ललितब्रुमामा माणीग्लदेखि पूर्वपट्टि रहेको सातीग्लबाहार[२५]को ननिको पूर्वपट्टि घर भएका विश्वनाथ वैद्य भारोलाई चालाछेको

---

२१. यही लेखमा १७ सङ्ख्या ।

२२. यही लेखमा १८ सङ्ख्या ।

२३. यही लेखमा १९ सङ्ख्या ।

२४. यही लेखमा २० सङ्ख्या ।

२५. यो लिखत र यसपछिका ने.सं. ८२४ (वि.सं. १७६१) ज्येष्ठकृष्णत्रयोदशी (यही लेखमा २३ सङ्ख्या), ने.सं. ८२७ (वि.सं. १७६४) चैत्रकृष्णद्वितीया (यही लेखमा २४ सङ्ख्या) र ने.सं. ८२९ (वि.सं. १७६५) मार्गकृष्णतृतीया (यही लेखमा २५ सङ्ख्या)का लिखतमा विश्वनाथ वैद्यको वतन खुलाउँदा **सातीग्लबाहारका** भनी लेखिएको छ । उनीपछिका कृष्णानन्द वैद्यको एउटा लिखतमा अर्थात् ने.सं. ८४६ (वि.सं १७८२) मार्गकृष्णएकादशीको (यही लेखमा २६ सङ्ख्या)मा पनि उनको वतन खुलाउँदा **सातीग्लबाहारका** भनी लेखिएको छ ।

अन्त भने यी वैद्यहरूको वतन खुलाउँदा जहाँ जहाँ **सातिग्ल** आएको छ, त्यहाँ कुनैमा **सातिग्लपछि कोथ्व चाबाहार**[①] (यही लेखमा ४, ६ सङ्ख्या), कुनैमा **सातिग्लपछि चाबाहार** (यही लेखमा ८, ११, १६ सङ्ख्या), कुनैमा **सातिग्लतोलकेपछि क्वथ्वो चाबाहार** (यही लेखमा १२ सङ्ख्या), कुनैमा **सातिग्लटोलपछि लंखवोलं चाबाहाल** (यही लेखमा १३ सङ्ख्या), कुनैमा **सातिग्लपछि लंखवोलं कोथ्व चाबाहार** (यही लेखमा १४, २० सङ्ख्या),

---

① खुलाएर भन्दा अघिल्लोमा **सातिगल कोथ्व चाबाहार** र पछिल्लोमा **सातीगल कोथो चाबहार** छ । समष्टिमा लेख्नुपर्दा यहाँ र अन्त यस्ता रूपभेदलाई खयाल राखिएको छैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सालछेननिको उत्तरपट्टि घर भएका रुद्रसिंह भारोले आफ्नो हकभोगको १ खा, १ जव नापो भएको घर र ३ जव पातालजग्गासहित १०३ मोहर टङ्कामा बेचे ।[२६]

१९. लामुल (मूलमा- **लंखवोल**)का वैद्यहरूको बीचमा खड्गपुच्छीको स्वामित्वको विषयमा झगडा हुँदा जो थकाली हुन्छ, उसैसँग पहिले जस्तै गरी खड्गपुच्छी रहनुपर्छ भन्ने पत्र राजा योगनरेन्द्र मल्लले ने.सं. ८२३ (वि.सं. १७५९) पौषशुक्लद्वितीयाको दिन लेखे । यो नियम जसले मान्दैन, उसलाई १०० मोहर टङ्का राजदण्ड अर्थात् जरीवाना हुने कुरा पनि त्यस पत्रमा लेखिएको छ ।[२७] **खड्गपुच्छी** यो के हो मलाई थाहा नभए पनि औषधिमा काम लाग्ने कुनै बहुमूल्य वस्तु हो कि जस्तो मलाई लाग्छ ।

२०. ललितब्रुमामा माणीग्लदेखि पूर्वपट्टि रहेको सातीग्लबाहारको ननिको उत्तरपट्टि घर भएका विश्वनाथ वैद्य भारोले रुद्रसिंह भारोको पातालजग्गा किनेको ५ वर्ष ३ महीनापछि ने.सं. ८२४ (वि.सं. १७६१) ज्येष्ठकृष्णत्रयोदशीको दिन सातीग्लबाहारका विश्वनाथ वैद्य भारोलाई राजा योगनरेन्द्र मल्लले त्यही सातीग्लबाहारको पूर्वपट्टि भित्रको साढे १५ हात लम्बाइ भएको पातालजग्गा ७ मोहर टङ्कामा बेचे ।[२८]

२१. यसको २ वर्ष १० महीना जतिपछि ने.सं. ८२७ (वि.सं. १७६४) चैत्रकृष्णद्वितीयाको दिन ललितब्रुमामा माणीग्लदेखि पूर्वपट्टि रहेको, सातीग्लबाहारको सडकदेखि पूर्वपट्टि घर भएका विश्वनाथ वैद्य भारोलाई दुपात (मूलमा- **दोपात**)को मुगल (मूलमा- **मगुडि**)देखि दक्षिणपट्टि घर भएका मणिसिंह भावो, मालसिंह भावो र हरिशङ्कर भावो बालक भएकाले उनीहरूको तर्फबाट उनीहरूकी आमाले आफ्ना छोराहरूको हकभोगको कलिपाख भन्ने ठाउँको ५ कर्ष वाटिका अर्थात् बारी बेचिन् ।[२९]

२२. यसको २० महीनापछि ने.सं. ८२९ (वि.सं. १७६५) मार्गकृष्णतृतीयाको दिन सातीग्लबाहारको सडकको दक्षिणपट्टिको घरमा बस्ने विश्वनाथ वैद्य भारोलाई राजा इन्द्र मल्लले मिरावथं भन्ने ठाउँको ५ रोपनी, खोसि

कुनैमा **सातिग्लपछि चाकलं** (यही लेखमा २८ सङ्ख्या) आएकोले **बाहार**को अवकाश छैन ।

ने.सं. ६५० (वि.सं. १५८६) कार्तिकशुक्लद्वादशीको लिखतमा फ्याक वैद्यलाई **सातीग्ल चाबाहारका** र उनलाई खेत बेच्ने मालीलाई चाहिँ **सातीग्लबाहारका** भनी लेखिएको छ (यही लेखमा ८ सङ्ख्या) । ने.सं. ६६२ (वि.सं. १५९८) कार्तिककृष्णचतुर्थीको लिखतमा प्रधानमहापात्र हाकु वर्मालाई **सातीग्लबाहारकुटुम्बजका** (यही लेखमा १० सङ्ख्या) भनी लेखिएकोले यस विषयमा अनुमान गर्न अलि सजिलो भएको छ ।

ललितपुरका महापात्रहरू **सप्तकुटुम्बज** अर्थात् ७ **खलक**मा बाँडिए पनि खास गरी ३ खलकको प्रभुत्व थियो । ती ३ खलक अर्थात् **दक्षिणविहार, उत्तरविहार** र **पिंथविहार**का मुख्य भए पनि **सातीग्लविहार** पनि बाँकी ४ विहारमध्ये एउटा थियो कि भन्ने यताबाट देखिएको छ ।

२६. यही लेखमा २१ सङ्ख्या ।

२७. यही लेखमा २२ सङ्ख्या ।

२८. यही लेखमा २३ सङ्ख्या ।

२९. यही लेखमा २४ सङ्ख्या ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भन्ने ठाउँको ३ रोपनी, लोडक्वडखा भन्ने ठाउँको साढे ३ रोपनी खेत र धुपाक्षल भन्ने ठाउँको साढे ४ कर्ष वाटिका अर्थात् बारी मोहर टङ्का ६९५ मा बेचे ।[३०]

२३. यसको झण्डै १७ वर्षपछि ने.सं. ८४६ (वि.सं. १७८२) मार्गकृष्णएकादशीको दिन सातिग्लबाहारको पूर्वपट्टिको घरका कृष्णानन्द वैद्य भारोले आफ्नी छोरी चिकितिमयीलाई दतखोसि भन्ने ठाउँमा रहेको ६ रोपनी खेतको आधा र बिसिंद्व भन्ने ठाउँको ६ रोपनी खेत दाइजो (**सिबय**) दिए ।[३१]

२४. यसको १८ वर्ष २ महीनापछि ने.सं. ८६४ (वि.सं. १८००) माघकृष्णएकादशीको दिन चालाछेको सडकदेखि दक्षिणपट्टि घर भएका वैद्य कृष्णानन्द भारोलाई राजा विष्णु मल्लले सिलाफले भन्ने ठाउँको ४ रोपनी र सिल भन्ने ठाउँको ३ रोपनी आधा जव अर्थात् ५० आना खेत ५०८ मोहर टङ्कामा बेचे ।[३२]

२५. यसको झण्डै साढे २१ वर्षपछि ने.सं. ८८५ (वि.सं. १८२२) भाद्रकृष्णपञ्चमीको दिन ललितब्रुमामा माणीग्लभन्दा पूर्वपट्टि रहेको सौगल (मूलमा- **सातीग्ल**)को सडकदेखि दक्षिणपट्टिको घरका, वैद्य कृष्णानन्द भारोलाई खानाछेको इनारदेखि उत्तरपट्टिको घरका दैवज्ञ कुतुसिंह भारोले आफ्नो हकभोगको लसिक्व भन्ने ठाउँको १ कर्ष वाटिका अर्थात् बारी बेचे ।[३३]

२६. राजा योगनरेन्द्र मल्लले आफ्ना इष्टदेवताको नाउँमा ने.सं. ८१९ (वि.सं. १७५५) माघशुक्लपञ्चमीमा खेत गूठी राख्दा सौगल (मूलमा- **सातिगल**)का विश्वनाथ वैद्य भारो पनि त्यस गूठीका चिताइदारमा राखिएकाले,[३४] यिनै विश्वनाथ वैद्य भारोले ने.सं. ८१९ (वि.सं. १७५५) फाल्गुनकृष्णएकादशीको दिन घर किन्दा राजा योगनरेन्द्र मल्ल साक्षी बसेकाले[३५] र यस वैद्यखानदानका २ पक्षमा सम्पत्तिको विवाद हुँदा राजा योगनरेन्द्र मल्लले ने.सं. ८२३ (वि.सं. १७५९) पौषशुक्लद्वितीयाको दिन मिलाइदिएकाले[३६] यो वैद्यखानदान राजाको निकै नजीक भएको देखिन्छ ।

---

३०. यही लेखमा २५ सङ्ख्या ।

३१. यही लेखमा २६ सङ्ख्या ।

३२. यही लेखमा २७ सङ्ख्या ।

३३. यही लेखमा २८ सङ्ख्या ।

३४. महेशराज पन्त २०७० खः २१४ मा १० सङ्ख्या ।

३५. यही लेखमा २१ सङ्ख्या ।

३६. यही लेखमा २२ सङ्ख्या ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२७. यी लिखतमध्ये केहीमा यी वैद्यहरूलाई **धन्वन्तरिको अवतार** वा **धन्वन्तरि** भन्ने विशेषण लगाइएको छ। यस्तो विशेषण फ्याक वैद्य,[३७] जीवहेर वैद्य,[३८] भीमसिंह वैद्य[३९] र उनका भतिजा विश्वराज वैद्य[४०] र अझ पछिका विश्वनाथ वैद्य[४१] र कृष्णानन्द वैद्य[४२]का नाउँमा लगाइएको छ। यति मात्र नभई विश्वराज वैद्यको नाउँमा **धन्वन्तरि**अगाडि **व्याघ्रचिकित्सक**[४३] र विश्वनाथ वैद्यको नाउँमा चाहिँ **धन्वन्तरि**पछाडि **व्याघ्रचिकित्सक**[४४] भन्ने विशेषण पनि लगाइएको छ[४५]।

---

३७. ने.सं. ६५० (वि.सं. १५८६) कार्तिकशुक्लद्वादशीको लिखतमा **धनोत्रिअवतार** (यही लेखमा ८ सङ्ख्या)।
ने.सं. ६५२ (वि.सं. १५८८) माघकृष्णद्वितीयाको लिखतमा **धनो९त्रयअवतार** (यही लेखमा ९ सङ्ख्या)।
ने.सं. ६६२ (वि.सं. १५९८) कार्तिककृष्णचतुर्थीको लिखतमा **धनोन्त्रयअवतार** (यही लेखमा १० सङ्ख्या)।

३८. ने.सं. ६६९ (वि.सं. १६०६) वैशाखकृष्णप्रतिपदाको लिखतमा **धनोंतृअवतार** (यही लेखमा १२ सङ्ख्या)।

३९. ने.सं. ७५३ (वि.सं. १६८९) फाल्गुनकृष्णप्रतिपदाको लिखतमा **धन्वन्तरि** (यही लेखमा १५ सङ्ख्या)।

४०. ने.सं. ७४७ (वि.सं. १६८४) वैशाखकृष्णनवमीको लिखतमा **व्याघ्रचिकित्सक धनोन्तलि** (यही लेखमा १३ सङ्ख्या)।
ने.सं. ७५१ (वि.सं. १६८८) श्रावणकृष्णतृतीयाको लिखतमा **धन्वन्तरि** (यही लेखमा १४ सङ्ख्या)।
ने.सं. ७५३ (वि.सं. १६८९) फाल्गुनकृष्णप्रतिपदाको लिखतमा **धन्वन्तरि** (यही लेखमा १५ सङ्ख्या)।
ने.सं. ७७० (वि.सं. १७०६) कार्तिककृष्णचतुर्थीको लिखतमा **धन्वन्तरि** (यही लेखमा १६ सङ्ख्या)। यही लिखतमा केशवराज वैद्यको नाउँअगाडि पनि **धन्वन्तरि** जोडिएको छ।

४१. ने.सं. ७९८ (वि.सं. १७३५) चैत्रअमावास्याको लिखतमा **धन्वन्तरि व्याघ्रचिकित्सक** (यही लेखमा १७ सङ्ख्या)।
ने.सं. ८०७ (वि.सं. १७४३) माघशुक्लषष्ठीको लिखतमा **धन्वन्तरि** (यही लेखमा १८ सङ्ख्या)।
ने.सं. ८०८ (वि.सं. १७४५) आषाढशुक्लषष्ठीको लिखतमा **धन्वन्तरि** (यही लेखमा १९ सङ्ख्या)।
ने.सं. ८११ (वि.सं. १७४८) भाद्रशुक्लदशमीको लिखतमा **धन्वन्तरि** (यही लेखमा २० सङ्ख्या)।
ने.सं. ८१९ (वि.सं. १७५५) फाल्गुनकृष्णएकादशीको लिखतमा **धन्वन्तरि** (यही लेखमा २१ सङ्ख्या)।
ने.सं. ८२४ (वि.सं. १७६१) ज्येष्ठकृष्णत्रयोदशीको लिखतमा **धन्वन्तरि** (यही लेखमा २३ सङ्ख्या)।
ने.सं. ८२७ (वि.सं. १७६४) चैत्रकृष्णद्वितीयाको लिखतमा **धन्वन्तरि** (यही लेखमा २४ सङ्ख्या)।
ने.सं. ८२९ (वि.सं. १७६५) मार्गकृष्णतृतीयाको लिखतमा **धन्वन्तरि** (यही लेखमा २५ सङ्ख्या)।

४२. ने.सं. ८४६ (वि.सं १७८२) मार्गकृष्णएकादशीको लिखतमा **धन्वन्तरि** (यही लेखमा २६ सङ्ख्या)।
ने.सं. ८६४ (वि.सं. १८००) माघकृष्णएकादशीको लिखतमा **धन्वन्तरि** (यही लेखमा २७ सङ्ख्या)।
ने.सं. ८८५ (वि.सं. १८२२) भाद्रकृष्णपञ्चमीको लिखतमा **धन्वन्तरि** (यही लेखमा २८ सङ्ख्या)।

४३. ने.सं. ७४७ (वि.सं. १६८४) वैशाखकृष्णनवमीको लिखतमा **व्याघ्रचिकित्सक धनोन्तलि** (यही लेखमा १३ सङ्ख्या)।

४४. ने.सं. ७९८ (वि.सं. १७३५) चैत्रअमावास्याको लिखतमा **धन्वन्तरिव्याघ्रचिकित्सक** (यही लेखमा १७ सङ्ख्या)।

४५. **व्याघ्रचिकित्सक**को अर्थको विषयमा महेशराज पन्त २०६५: २७१-२७४, ऐजन २०६६: ५९ मा ३ सङ्ख्याको टिप्पणी हेर्नू।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ताडपत्रको मूलपाठमा हामीले प्रयोग गरेका चिह्नको विषयमा

१. लिखत रद्द गरिएको जनाउन मूल ताडपत्रमा यस्तो X चिह्न दिँदा छोपिएको अक्षर भर्न नसकिँदा यस्तो × चिह्नले जनाइन्छ ।

२. लिखत रद्द गरिएको जनाउन मूल ताडपत्रमा यस्तो X चिह्न दिँदा छोपिएको अक्षर प्रसङ्गानुरोधले यस्तो [ ] कोष्ठभित्र पढिन्छ ।

३. फोटोमा काटिएको अक्षर प्रसङ्गानुरोधले यस्तो [[ ]] कोष्ठभित्र पढिन्छ ।

१ सङ्ख्या

ने.सं. ६३७ (वि.सं. १५७४) वैशाखशुक्लपञ्चमी

यस ताडपत्रको, मेरो सङ्ग्रहमा रहेको फोटोबाट लिइएको फ्याक्सिमिलि तल २७४ पृष्ठमा छ । यस ताडपत्रको कानूनी उपयोग सिद्धिएपछि यो रद्द गरिएको जनाउन ३ ठाउँमा यस्तो X चिह्न दिइएको छ ।

कनकज्योति यस लिखतमा दृष्टसाक्षी राखिएका छन् । खुलाएर भन्दा यहाँ **दृष्टसाक्षि स एव कनकजोतिजुस** नलेखी **साक्षि स एव कनकजोतिजुस दृष्ट** लेखिएको छ । कहीँ दृष्टसाक्षी र कहीँ यसरी देखेर मात्र साक्षी राखिएकाको थुप्रै लिखत पाइन्छन् ।[४६] यही लेखमा पनि योबाहेक ४-१२, १४-१६, २१, २२, २४, २६ र २८ सङ्ख्याका लिखतमा दोस्रो प्रकारका दृष्टसाक्षी छन् ।

यो लिखत विस्तृत खालको नभई तात्कालिक लेनदेनको लागि छोटकरीमा लेखिएको हुनाले यसमा किन्नेबेच्नेको वतन, खेतको नापो इत्यादि खुलाइएको छैन । कुनै शब्दको राम्रो अर्थ नलागेकोले र कुनै शब्द कानूनी उपयोग सिद्धिएपछि रद्द गरिएको जनाउन हालिएको चिह्नले छोपिएकोले बेचिएको खेत कुन ठाउँको हो भन्ने कुरा बुझिएन ।

मूलपाठ

१. **ए सम्वत् ६३७ वैशाषशुद्धि ५ धनि फ्याक वेद भारोसके१ धार्ण्णक ˎश्रीहेदयजुस ˎ श्रीरथनजुस भ्रात्यसह ˎ श्रीबुदिजुस**

२. **भ्रात्यसह एते समूहस्न ह्नसकन ××लबुया क्री[न] काय दो । गुन्दम्म शिवका नियपि २४ नियार दिन १५ साक्षि**

३. **स एव कनकजोतिजुस दृष्ट ।। निक्षेव शिवका सलंस्व १३ भूय निक्षेव शिवका ११ सर्व्व सोधन धुंग्व जुरो ।।**

---

४६. यस विषयमा महेशराज पन्त २०७०: § १४.३.२ = १४ र २०७० ख: १७० मा २ सङ्ख्याको टिप्पणी हेर्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२ सङ्ख्या

ने.सं. ६४१ (वि.सं. १५७८) वैशाखशुक्लप्रतिपदा

यस ताडपत्रको, मेरो सङ्ग्रहमा रहेको फोटोबाट लिइएको फ्याक्सिमिलि तल २७४ पृष्ठमा छ ।

सौगल (मूलमा- सातिग्ल)का भीमराज भारो यस लिखतमा श्रुतसाक्षी राखिएका छन् । खुलाएर भन्दा यहाँ **श्रुतसाक्षि सातिग्ल भिमराज भारो** नलेखी **साक्षि सातिग्ल भिमराज भारो श्रुत** लेखिएको छ । कहीँ **श्रुतसाक्षी** र कहीँ यसरी **सुनेर मात्र साक्षी राखिएका**को थुप्रै लिखत पाइन्छन् ।[४७] यही लेखमा पनि योबाहेक ३ र १५ सङ्ख्याका लिखतमा दोस्रो प्रकारका श्रुतसाक्षी छन् ।

मूलपाठ

१. **श्रीयोऽस्तु ।। सम्बत् ६४१ वैशाषशुद्धि १ यिति वंथछे देवज्ञ शशिराज भारो हस्तोद्धार गुदम्म शिवकाः चतुशिव-**

२. **काङ्क शिवका पि ४ तस्य व्रषं प्रति कलंत्र थ्वते अकन दम्म षु ६ मथाचक माल्व । तस्य बन्दकोदेश भोयुको बु मो-**

३. **ण्डि ६ थ्वतेस रनि स्वादिकार अर्द्धभाग जुकोः भाष कलत्र थारङाव ‿ बन्दक बु धनिस्न चास याङ यने जुरो । पोलेस दा-**

४. **म । प्रति ह्ङथ्य ‿ बन्दक जुशेस्य उदारपा । धनि फ्याक वेद भारोस । साक्षि सातिग्ल भिमराज भारो श्रुत ।। शुभ ।।**

३ सङ्ख्या

ने.सं. ६४३ (वि.सं. १५८०) ज्येष्ठकृष्णतृतीया

यस ताडपत्रको, मेरो सङ्ग्रहमा रहेको फोटोबाट लिइएको फ्याक्सिमिलि तल २७५ पृष्ठमा छ ।

बाकुपौ[४८]रूपको यस पत्रको बायाँपट्टि, सबै पङ्क्ति ओगट्ने गरी यस्तो ॐ चिह्न लेखिएको छ । यसको कानूनी उपयोग सिद्धिएपछि यो रद्द गरिएको जनाउन ४ ठाउँमा यस्तो X चिह्न दिइएको छ ।

यस लिखतमा राखिएका श्रुतसाक्षीको नाउँ त्यति स्पष्ट छैन । यी श्रुतसाक्षी दोस्रो प्रकारका छन् ।

---

४७. यस विषयमा ऐजन २०७०: § १४.३.२, § १४.३.५ = १४, १६ हेर्नू ।

४८. **बाकुपौको** परिभाषाको लागि बाल चन्द्र शर्मा २०१९: बाकुपौ हेर्नू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मूलपाठ

१. ९ सम्वत् ६४३ जेष्ठबद्धि ३ धनि चाबहार फ्याक वेद भारोसके ‹ रणि याथखा ग्वाछे जयभीम महात भारो उदार पडिया ‹ गुन्दम्म शिव-

२. का त्रयकर्षाङ्क कर्ष स्वं ३ तस्य भोगबन्दक तंथा बन्दख्वात बु रोव १४ थ्वतेस रणि स्वादिकार अर्धभाग जुक्व भाषा वषंप्रति थ्वते दाम कलं-

३. त्र ल्याखस बन्दक बु धनीस्न भोग्न भुक्तरप यंने जुरो ‹ आबिदि वर्ष ह्रस ७ ‹ थ्वनली फ्याच दो फ्यायस पुररपो दाम प्रति घरसार बयस

४. ९ भूय उदार गुन्दम्म शिवकाक नशि २ भाषाखा उथ्यं सम्वत् ६४३ आषाढवद्धि १० ।।

(दायाँपट्टि छेउमा पहिलो पङ्क्तिपछि यस्तो चिह्न ⁝⁝ हाली ३ पङ्क्ति गरी लेखिएको)

१. हनाथं काया जुरो९

२. साक्षि श्रीविद्यापिथि

३. पडवेह दो ‹ अमराज भारो[४९] श्रुत ।।

४ सङ्ख्या

ने.सं. ६४३ (वि.सं. १५८०) आषाढशुक्लत्रयोदशी

यस ताडपत्रको, मेरो सङ्ग्रहमा रहेको फोटोबाट लिइएको फ्याक्सिमिलि तल २७५ पृष्ठमा छ ।

बाकुपौरूपको यस पत्रको बायाँपट्टि, सबै पङ्क्ति ओगट्ने गरी यस्तो ⁝⁝ चिह्न लेखिएको छ ।

यस ताडपत्रको कानूनी उपयोग सिद्धिएपछि यो रद्द गरिएको जनाउन ३ ठाउँमा यस्तो X चिह्न दिइएको छ ।

नोगलबाहारका रावुत्त नाथु भारो यस लिखतमा दृष्टसाक्षी राखिएका छन् । यी दृष्टसाक्षी दोस्रो प्रकारका छन् ।

मूलपाठ

१. सम्बत् ६४३ आषाढशुद्धि १३ धनि श्रीसातिगल कोथ्व चाबाहार फ्याक वैद भारोसकेः रनि×ा श्रीयषा जयकित माहाथ

२. भारोसन त्याह्र हयाः गुन्दम्म शिवकाः प्लछि १ कष नशि २ तस्य भोगबंदक तथाः बंदे[ष्वात][५०] बु रोव मोण्डि सलपि १४ थ्व-

---

४९. यहाँ साक्षीको नाउँ पढेकोमा अलि सन्देह छ ।

५०. कोष्ठभित्र पढिएका अक्षरमध्ये पहिलोको बायाँपट्टिको माथिल्लो अंश र दोस्रोको दायाँपट्टिको तल्लो अंश देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३. तेश रनि स्वदिकारन अर्द्धभा जुको जथाचा[त्रा]घातेन परिवेस्थितः भाषा थ्व दामया××[५१] ड ल्याषन धनिसन थ्वते बु भो-

४. गन भुगत्रपं यने जुरोः आबिदि वर्ष ह्रश ७ ×× भोगन थियकतु फ्याच दोः फ्यायस दाम प्रत्य घरशार बय यायेश भो-

५. गन तंथा जुरोः शाक्षि श्रीनोगलबाहार ‹ रावुत्त नाथु भारोश मेक दृष्ट शुभ ।। पडबिह चोस्यंः कास्यं तया दो जुरोः शुभ ।।

६. भुय थंथो भोग अङ्कश द्यतङा गुन्दम्म शिवका च्या ८ जुरो शुभ ।।[५२]

५ सङ्ख्या

ने.सं. ६४५ (वि.सं. १५८१) माघकृष्णतृतीया

यस ताडपत्रको पाठ महेशराज पन्त २०५५: ७ मा ९ सङ्ख्याको रूपमा छ ।

यसको फ्याक्सिमिलि तल २७६ पृष्ठमा छ ।

नोगलबहारका नाथु भारो[५३] यस लिखतमा दृष्टसाक्षी राखिएका छन् । यी दृष्टसाक्षी दोस्रो प्रकारका छन् ।

६ सङ्ख्या

ने.सं. ६४५ (वि.सं. १५८२) चैत्रशुक्लपञ्चमी

यस ताडपत्रको पाठ महेशराज पन्त २०६९: १२१-१२२ मा ४ सङ्ख्याको रूपमा छ ।

यसको फ्याक्सिमिलि ऐजनः १२६ मा छ ।

नोगलबहारका रावुत्त नाथु भारो यस लिखतमा दृष्टसाक्षी राखिएका छन् । यी दृष्टसाक्षी दोस्रो प्रकारका छन् ।

---

५१. डभन्दा अगाडिको अक्षरको सामै देखिन्छ ।

५२. छैटौँ पङ्क्ति भित्रै टाँकाले लेखिएको छ ।

५३. महेशराज पन्त २०५५: ७ मा साक्षीको नाउँ **नाथुभावसिं** पढिए पनि कानूनी उपयोग सिद्धिएपछि यो रद्द भएको जनाउन हालिएको यस्तो X चिह्नले मूल ताडपत्रमा त्यहाँनिर अक्षर छोपिएकाले त्यो पाठ सन्दिग्ध छ । यही लिखत विस्तृत रूपमा अर्थात् यहाँ चर्चित ५ सङ्ख्याको लिखतमा त्यही टोलका **रावुत्त नाथु भारो** दृष्टसाक्षीको रूपमा आएकाले (महेशराज पन्त २०६९: १२२ र १२६ मा मूलको ३ पङ्क्ति) यहाँ पनि **नाथु भारो** भनी पाठ सच्याइएको छ । त्यही टोलका **नाथु भारो** यही लेखमा छापिएको ७ सङ्ख्याको लिखतमा पनि आएको यस प्रसङ्गमा स्मरणीय छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

७ सङ्ख्या

ने.सं. ६४५ (वि.सं. १५८२) चैत्रशुक्लपञ्चमी

यस ताडपत्रको पाठ मेरो सङ्ग्रहमा छ ।

नोगलका नाथु भारो यस लिखतमा दृष्टसाक्षी राखिएका छन् । यी दृष्टसाक्षी दोस्रो प्रकारका छन् ।

मूलपाठ

१. **ऽ सम्वत् ६४५ चैत्रशुद्धि ५ धनि फ्याक बदे भारोसके ॰ धार्ण्ण जयकीत महात भारोस्न ॰ बंद-**

२. **ख्वात बुया क्री प्न काय दो ॰ गुन्दम्म शिवका प्ल स्वं ३ कर्षछि १ शिवका नशि २ नियार दिन १५ थ्व-**

३. **न लीपा व्यहार कलंत्र ॰ शाक्षि नोगल नाथु भारो दृष्ट ।। निक्षेव प्ल स्वं ३ शिवका नशि २ थ्व अङ्केस ।।**

४. **निक्षेव क्रर्षछि १ अङ्के सर्व्व सोधन धुंग्व ।।**

८ सङ्ख्या

ने.सं. ६५० (वि.सं. १५८६) कार्तिकशुक्लद्वादशी

नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ई २१३२/३

यस ताडपत्रको फ्याक्सिमिलि तल २७७ पृष्ठमा छ ।

खेत बिक्री गर्नेका गोतिया मालाकार रत्नचन्द यस लिखतमा दृष्टसाक्षी राखिएका छन् । यी दृष्टसाक्षी दोस्रो प्रकारका छन् ।

मूलपाठ

१. **ऽ श्रेयोऽस्तु ।। सम्वत् ६५० कातिकशुक्लद्वादस्यां तिथौ श्रीललितब्रुमायां श्रीमानिग्लके पोर्वस्थ श्रीसातिग्ल चाबाहार गृहद्धिवास्तव्य श्रीधनोत्रिअवतार फ्याक भारोस नाम्ना सकासात सातिग्लबाहार योकुलिवासिन माराकार**

२. **जकताम भावोस नाम्नेन स्वकियं स्वभुज्यमानिकं ध्वरोख्वात ब्याङ्नोक्षेत्रनामप्रदेशे जथाचत्राघातेन परिवेस्थितं मेकरोपनिकं जत्क्षेत्र रोवाङ्क रोवछि १ ता क्षेत्र सक[५४]षकपरिभोग्य जथानगलकारप्रवतमान-**

---

५४. स र षको बीचमा भएको अक्षर केरी फेरि लेखिएको जस्तो लाग्छ । मसी लतपतिएकोले अक्षर नचिने पनि प्रसङ्गानुरोधले क पढिएको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३. सञ्चाराघेन जथोश्चितमुलेमादाय क्रिविक्रिस्वादिनेन तेनानिवर्त्तकं न्यायन क्रिन विक्रियतं भवति जदि सत्या देविकराजिक विना संषटव्यावादकाले धार्ण्णकेन परिसोधनियं अत्र साक्षि धार्ण्णस्वग्वत्र माराकारः रत्नचन्दया

(दायाँपट्टि छेउमा यसरी लेखिएको)

१. दृष्ट क्रि-
२. प्न सर्व्व स्व-
३. धान धुग्व शुभ

(पछाडि)

१. २ भाषा ह्ङथो क्षेस जाव बुया वंथ्व क्षेस गुथिस

२. व मधस उभय द्याङ याङन चोग्व उभयस्यं

३. छाय धाय मदो जुरो९ शुभ ।।

ध्वरोख्वा त बु क्रि[५५]

९ सङ्ख्या

ने.सं. ६५२ (वि.सं. १५८८) माघकृष्णद्वितीया

ऐश्वर्यधर शर्माको सङ्ग्रहमा रहेको ताडपत्रको उतार यो हो ।

हःखा (मूलमा- **हतषानिह्मं**)का राउत्त अमृताज भारो यस लिखतमा दृष्टसाक्षी राखिएका छन् । यी दृष्टसाक्षी दोस्रो प्रकारका छन् ।

मूलपाठ

१. २ श्रैयोऽस्तु ।। सम्वत ६५२ माघवद्धि २ श्रीसातिगलबाहार यिषा कुलिछें देवमालि

२. रथनचन्दया हस्तोद्धार गुन्दम्म शिवका षट् शिवकाङ्क शिवका षु ६ तस्य विदि[५६] भोगबन्द-

---

५५. फोटोमा यो पङ्क्ति आएको छैन ।

५६. विदि ताडपत्रको शिरको खाली ठाउँमा थपिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३. कोदेशः मनापरिष्वरोष्वात बु रोव[५७] मात्ति[५८] ङा ५ थ्वतेस अर्द्धभाग बुस थ्व दामया व्रषं प्र-

४. ति कलन्त्र ल्याषन धनिस थ्वतेव ॰ सओ द्यवा आड छि १ फं षु ६ वो दम्म पि ४ जवा २ थ्व-

५. ते धाल वा[५९] दामवो कास्यं विदिभोगन भुक्तपं यंने जुरो१ शायस दाम प्रत्येल याडे-

६. या धाल विदिभोगन जोङा धनि स्वथान चाबाहार श्रीधनो१त्रयअवतार फ्याक वदै

७. भारोसः शाक्षि श्रीहतषानिह्मं रावुर्त्त अमृताज भारो दृष्ट ।।

(दायाँ फट्केमा)

बु धनिसन चाश याव तेव

(पछाडिपट्टि)

रथनचन्द शाहि

१० सङ्ख्या

ने.सं. ६६२ (वि.सं. १५९८) कार्तिककृष्णचतुर्थी

यस ताडपत्रको पाठ महेशराज पन्त २०६०: ३८ मा १ सङ्ख्याको रूपमा छ ।

यसको फ्याक्सिमिलि तल २७८ पृष्ठमा छ ।

बाकुपौरूपको यस पत्रको दायाँपट्टि, सबै पङ्क्ति ओगट्ने गरी यस्तो चिह्न लेखिएको छ ।

बन्धकी राख्नेका भाइ रत्नसिंह वर्मा यस लिखतमा दृष्टसाक्षी राखिएका छन् । यी दृष्टसाक्षी दोस्रो प्रकारका छन् ।

११ सङ्ख्या

ने.सं. ६६८ (वि.सं. १६०५) श्रावणशुक्लनवमी

नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ई २१३३/४

यस ताडपत्रको फ्याक्सिमिलि तल २७८ पृष्ठमा छ ।

बाकुपौरूपको यस पत्रको बायाँपट्टि, सबै पङ्क्ति ओगट्ने गरी यस्तो चिह्न लेखिएको छ ।

---

५७. यो व अलि खुँडे छ ।

५८. यो पाठ अलि सन्दिग्ध छ ।

५९. वा र दाको बीचको १ अक्षर खारेज गरिएको छ । २ पटक वा लेखिएकोले पछिल्लो वा खारेज गरिएको होला ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बन्धकी राख्नेका बाबु शक्तिराज भारो यस लिखतमा दृष्टसाक्षी राखिएका छन्। यी दृष्टसाक्षी दोस्रो प्रकारका छन्।

मूलपाठ

१. ९ सम्वत् ६६८ श्रावणशुद्धि ९ धनि श्रीसातिग्ल चाबहार गृह ।। जिवहेर वैद्य भारोसकेः रनिया तडेव बषनिह्मं योता

२. गृह ।। जिकितराज भारोसन उदारपं दियाः ओहो तव टंका सार्द्ध सह द्वयो तंकाङ्क तव टंका नसि २ शुकि टंका नसि २

३. तस्य भोगबन्दक तंथाः शुलंषु वातिका क्रष छि १ थ्वतेश बछि जुको वातिका जथाचतुराघातेन परि-वेस्थितं भा

४. थ्व टंकाया व्रषंप्रति कलन्त्र ल्याष्नं धनिसन थ्वते बछि जुको वातिका भोग्न भुक्तपं यंने जुरोः आविदि वर्ष ह्रश ७

५. थ्वते भोग्न थियकंतु फ्याच दोः फ्यायश टंका याङ माल्वः प्रत्ये बबुया शपथं बय यायश भोग्न तथाः.साक्षि ।। र-

६. निश बबा शगतिराज भारो दृष्ट।। पुन भाषा थ्व बल क्रिन मोचके मारकारे पञ्चकृत ज्ञानन मेतोरे मेरे हेने मदो

(दायाँपट्टिको किनारामा तलबाट माथितिर लेखेको)

१. स थ्व धनितो बियमारो

२. पडवेह काया दो शुभ ।।

१२ सङ्ख्या

ने.सं. ६६९ (वि.सं. १६०६) वैशाखकृष्णप्रतिपदा

स्तेफान बिल्द्हाइमको सङ्ग्रहमा रहेको यस ताडपत्रको स्क्यानिङ मैले वोल्फ्गाङ्ग बेर्त्शबाट पाएको हुँ। यसको फ्याक्सिमिलि तल २७९ पृष्ठमा छ।

यस लिखतमा बायाँपट्टि फट्केमा माटको छाप छ। त्यस छापको बीचमा श्री लेखिएको छ।

ज्येष्ठविहारका वंकुलि प्रधानमहापात्र जयरखसिंह वर्मा, मेलुजु वर्मा र हृदयसिंह वर्मा यस लिखतमा साक्षी राखिएका छन्। बिक्री भएको यो वाटिका अर्थात् बारी ज्येष्ठविहारका वंकुलिहरूको वाटिकाको पूर्वपट्टिको भएकोले होला, त्यहाँका प्रधानमहापात्रहरूलाई दृष्टसाक्षी राखेको। यी दृष्टसाक्षी दोस्रो प्रकारका छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ने.सं. ६६९ (वि.सं. १६०६) वैशाखकृष्णप्रतिपदाको यस लिखतभन्दा अगाडिका र पछाडिका लिखतमा ज्येष्ठविहारका **वंकुलि**को र त्यही विहारका **यंकुलि**को कुरा तात्कालिक लिखतमा आएकोले ज्येष्ठविहारका महापात्रहरू **वंकुलि** र **यंकुलि** गरी २ फ्याँकमा बाँडिएको कुरा स्पष्ट हुन्छ । पाटनमा शासन गर्ने **सप्तकुटुम्बज** अर्थात् **सात खलकका महापात्रहरू**मध्ये ज्येष्ठविहारकाहरूमा एक थरी त्यही विहारमा ईशान अर्थात् पूर्व-उत्तरकोणपट्टि र अर्को थरी वायव्य अर्थात् उत्तर-दक्षिणकोणपट्टि बस्न थालेकाले होला, कालान्तरमा ती २ थरी क्रमशः वायव्य बुझाउने **यंकुलि** र ईशान बुझाउने **वंकुलि** शब्द नै नाउँमा जोडिई प्रसिद्ध भएका ।[६०]

मूलपाठ

१. **१ श्रैयोऽस्तु ।। सम्वत ६६९ वेशाषकृष्णपतिपद्यां तिथौ श्रीललितब्रुमायां श्रीमानिग्लके पुर्व्वस्थ श्रीसातिग्लतोलके क्वथो चाबाहार गृह ।। श्रीधनोंतृअवतार जिवहेर वैद्य भारोस नाम्ना सकासात् बषनिह्मं गृह ।। जिकितराज भारोया नाम्नेन स्वकियं स्वभुज्यमानिकं ‸ शुलंषुवातिकानामप्रदेशेः श्रीजैष्टविहार वंकुलिया वातिकायां पश्चिमत ।। श्रीसातिग्लबहार नाथु भावोया वातिकायां उर्त्तरत ।। विषुनिछें जिकिताज**

२. **भावोया वातिकायां पुर्व्वत ।। श्रीशुरबहार श्रीशुथाजुस वातिकायां दक्षिनत ।। एतेषां मधे ता वातिका द्वयोक्रषप्रमान ता वातिका क्रष नसि २ थ्वतेश अर्द्धभाग बछि जुक्व जुरो एते ता वातिका सक्रषकं समपरिभोज्ञे जथानग्रकालप्रवर्त्तमानसञ्चारार्घेन जथोश्चितमुलेमादाय क्रिविक्रीस्वादिनेन तेनानिवृर्त्तकं न्यायन क्रिन विक्रीयतम्भवति । जदि स्यात् देविकराजिक विना ता बछि जुको वातिका संट्व्यावाडकाले**

३. **तदा धार्ण्णकेन परिसोधनियं अत्र पत्राथे साक्षि ।। श्रीजैष्टविहार वंकुलि प्रधानमहापात्र श्रीजयरषसिंह वर्मस श्रीमेलुजु वर्मनस श्रीहृदयसिंह वर्मनस एते तृय दृष्ट ।। प्रत्ये ह्रथे भोग्न जोङ तया छाछा तंङ बिस्यं क्रिन काया जुरो क्रिप्न द्वाकोवुं सर्व्व सोधान पाचकं धुंग्व जुरो शुभ ।।**

(पछाडि)

१. शु लंषु

२. बल

१३ सङ्ख्या

ने.सं. ७४७ (वि.सं. १६८४) वैशाखकृष्णनवमी

यस ताडपत्रको पाठ महेशराज पन्त २०६५ः २७४ मा १ सङ्ख्याको रूपमा छ ।

यसको फ्याक्सिमिलि ऐजनः २८१ मा छ ।

---

६०. यस विषयमा बढी खुलाएर महेशराज पन्त २०७० खः १९२-१९३ मा लेखिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

राजा सिद्धिनरसिंह मल्लको यस लिखतमा चैत्र मल्ल कुमल दृष्टसाक्षी राखिएका छन् । यी दृष्टसाक्षी पहिलो प्रकारका छन् । सिद्धिनरसिंह मल्लका ने.सं. ७४० (वि.सं. १६७६) फाल्गुनपूर्णिमादेखि ने.सं. ७५४ (वि.सं. १६९१) वैशाखकृष्णदशमीसम्मका लिखतमा यिनी साक्षी देखिन्छन् ।[६१]

१४ सङ्ख्या

ने.सं. ७५१ (वि.सं. १६८८) श्रावणकृष्णतृतीया

यस ताडपत्रको पाठ महेशराज पन्त २०६६: ६० मा छ ।

यसको फ्याक्सिमिलि ऐजनः ६२ मा छ ।

बेच्नेका सौताने भाइ नारायणसिंह भारो यस लिखतमा दृष्टसाक्षी राखिएका छन् । यी दृष्टसाक्षी दोस्रो प्रकारका छन् ।

१५ सङ्ख्या

ने.सं. ७५३ (वि.सं. १६८९) फाल्गुनकृष्णप्रतिपदा

यस ताडपत्रको पाठ महेशराज पन्त २०५०: १५ मा ८९ सङ्ख्याको रूपमा छ ।

यसको फ्याक्सिमिलि तल २८० पृष्ठमा छ ।

बखनिह्मंका विश्वनाथ उपाध्याय शर्मा र नोग्लका अमात्य गोविन्दराज भारो यस लिखतमा दृष्टसाक्षी र अमृतासिंह भारो श्रुतसाक्षी राखिएका छन् । यी दुवै थरी दृष्टसाक्षी दोस्रो प्रकारका छन् ।

१६ सङ्ख्या

ने.सं. ७७० (वि.सं. १७०६) कार्तिककृष्णचतुर्थी

यस ताडपत्रको, मेरो सङ्ग्रहमा रहेको फोटोबाट लिइएको फ्याक्सिमिलि तल २८१ पृष्ठमा छ ।

बाकुपौरूपको यस पत्रको दायाँपट्टि, सबै पङ्क्ति ओगट्ने गरी यस्तो श्री चिह्न लेखिएको छ ।

तल्लो (**क्वथ्व**) सौगल (मूलमा- **सातिग्ल**) येनिह्मंमा घर हुने शिवराम भारो यस लिखतमा दृष्टसाक्षी राखिएका छन् । यी दृष्टसाक्षी दोस्रो प्रकारका छन् ।

२ पक्षको बीचमा करारनामारूपको यो लिखत भएको र दुवै पक्षको लागि यस लिखतको जरूरत भएकोले यसको २ प्रति लेखिएको कुरा मूल ताडपत्रमै खुलाइएको छ ।

---

६१. महेशराज पन्त २०६४: १८३-१८४ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मूलपाठ

१. १ श्रैयोऽस्तु ।। सम्वत् ७७० कार्तिकवद्धि ४ सातिग्ल चाबाहारगृह धन्वन्तरि विश्वराज वैद्य भारो प्रमुखन भोंसमूहसवो ‸ धन्वन्तरि केशवराज वैद्य

२. भारोसवो थ्यथ्यमानान्तिन भास चोलङाया भाष थ्वते जरो भाषा स एव केशवराज वैद्य भारोसन ओलगाम विजयया छय कलात कायास ‸ थ्व-

३. ह्मं कला तयान कायमोचा द्वाकाले थंकाडि जुय मदो देगुलि करण काय मदो दुशपयवो जव व्यारिवो जुक्व संसर्ग्ग यायमाल जुरो थ्वते

४. भास चोलङाया साक्षि क्वथ्व सातिग्ल येनिह्मं ‸ गृह शिवराम भारोस दृष्ट ।। उति भाषा नेभे दो ।।

१७ सङ्ख्या

ने.सं. ७९८ (वि.सं. १७३५) चैत्रअमावास्या

यस ताडपत्रको पाठ महेशराज पन्त २०६६ कः ६३-६४ मा छ ।

यसको फ्याक्सिमिलि ऐजनः ६५ मा छ ।

राजा श्रीनिवास मल्लको यस लिखतमा युवराज योगनरेन्द्र मल्ल दृष्टसाक्षी राखिएका छन् । यी दृष्टसाक्षी पहिलो प्रकारका छन् ।

१८ सङ्ख्या

ने.सं. ८०७ (वि.सं. १७४३) माघशुक्लषष्ठी

स्तेफान बिल्द्हाइमको सङ्ग्रहमा रहेको यस ताडपत्रको स्क्यानिङ मैले वोल्फ्गाङ्ग बेर्त्शबाट पाएको हुँ ।

यसको फ्याक्सिमिलि तल २८२ पृष्ठमा छ ।

यस लिखतमा बायाँपट्टि फट्केमा माटाको छाप छ । त्यस छापको वरिपरि थोप्ला छन् । बायाँपट्टि केही थोप्ला खिइएकाले ३० वटा थोप्ला मात्र साबुत छन् । त्यसपछि वृत्ताकार घेरा छ । त्यस घेराभित्र सबभन्दा माथि दायाँबायाँ दुवैपट्टि चन्द्र छन् । त्यसपछि २ चन्द्रको बीचमा श्री लेखिएको छ । श्रीको बीचदेखि तलसम्म जाने गरी दुवैपट्टि थोप्ला देखिन्छन् । तर सबै थोप्ला साबुत छैनन् । श्रीपछि पताकाले घेरिएको खड्ग छ । खड्गको दायाँ **यो** र बायाँ **ग** लेखिएको छ । खड्गको मूठको दायाँबायाँ एकएकवटा मकर छन् । यस लिखतमा योगनरेन्द्र मल्ललाई **माणिग्लाधिपति** विशेषण लगाइएको छ । यो विशेषण ललितपुरका पात्रवंशी राजाहरूदेखि पछिसम्मका राजाहरूमा लगाइएको भेटिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

राजा योगनरेन्द्र मल्लको यस लिखतमा रुद्रेन्द्र मल्ल दृष्टसाक्षी राखिएका छन्। यी दृष्टसाक्षी पहिलो प्रकारका छन्। यिनी योगनरेन्द्र मल्लका भानिज हुन्।[६२]

मूलपाठ

१. **१ स्वस्ति ।। श्रीमाणीग्लाधिपति श्रीश्रीजययोगनरेन्द्र मल्लदेव प्रभु ठाकुरसन ⸝ लंखवोलं ⸝ क्वथ्व चाबाहार गृहनिवासी ग्राहक धन्वन्तरिविश्वनाथभारोनाम्ने प्रसादीकृतं ⸝बिसिंद्वंक्षेत्रनामप्रदेशे ⸝ श्री ३ ग्वाछेंबाहारदेवभट्टारकास**

२. **क्षेत्रेण पश्चिमतः मार्ग्गेण उत्तरतः मार्ग्गओ ⸝ रामराज कष्टयाओ ⸝ द्वयो शीमायाष्पूर्वतः श्रीश्रीराजयाओ पुवाचो बंदेजुयाओ ⸝ द्वयो क्षेत्रेण दक्षिणतश्च ⸝ एतत्मध्ये तत्क्षेत्र पंचदशरोपनिकं रोव श्लंमङा १५ तत्क्षेत्र यथानगरकारप्रव-**

३. **र्त्तमानसुवर्ण्णपुष्पमालार्ध प्रढौकृत मोहोर टंका ङश्लङ्य ५५० आदाय स्वाधिनावर्त्तकं न्यायेन क्रीविक्रीण प्रसादारपा जुरो ⸝ अत्र पत्रार्थे दृष्टसाक्षि श्रीरुद्रेन्द्र मल्ल थाकुरस ⸝ सम्वत् ८०७ माघशुक्लषष्ठ्यान्तिथौ ⸝ श्री**

(पछाडि)

विश्वनाथ वैद्य

१९ सङ्ख्या

ने.सं. ८०८ (वि.सं. १७४५) आषाढशुक्लषष्ठी

स्तेफान बिल्द्हाइमको सङ्ग्रहमा रहेको यस ताडपत्रको स्क्यानिङ मैले वोल्फ्गाङ्ग बेर्त्शबाट पाएको हुँ। यसको फ्याक्सिमिलि तल २८३ पृष्ठमा छ।

यस लिखतमा बायाँपट्टि फट्केमा माटाको छाप छ। त्यस छापको वरिपरि थोप्ला छन्। बायाँपट्टि केही थोप्ला खिइएकाले ३० वटा थोप्ला मात्र साबुत छन्। त्यसपछि वृत्ताकार घेरा छ। त्यस घेराभित्र सबभन्दा माथि दायाँबायाँ दुवैपट्टि चन्द्र छन्। त्यसपछि २ चन्द्रको बीचमा **श्री** लेखिएको छ। **श्री**पछि दायाँपट्टि अघिल्लो लहरमा १, दोस्रो लहरमा २ र तेस्रो लहरमा ३ थोप्ला तथा दायाँपट्टि अघिल्लो लहरमा १, दोस्रो लहरमा २, तेस्रो लहरमा १ र चौथो लहरमा २ थोप्ला छन्। **श्री**पछि पताकाले घेरिएको खड्ग छ। खड्गको दायाँ **यो** र बायाँ **ग** लेखिएको छ। खड्गको मुठको दायाँबायाँ एकएकवटा मकर छन्।

यस लिखतमा रुद्रेन्द्र मल्ल दृष्टसाक्षी राखिएका छन्। यी दृष्टसाक्षी पहिलो प्रकारका छन्।

यो लिखत राजदैवज्ञ मोतीराजले तयार पारेका हुन्।

---

६२. धनवज्र वज्राचार्य २०१९: २६९-२७१।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बिक्री भएको खेतको चारकिल्ला खुलाउँदा पूर्वपट्टिका सँधियार मुकुन्दराम भारोलाई यस लिखतमा **तक्षकार** लेखिएको छ। **तक्षकार** भनेर **सिकर्मी**को एक भेदलाई भनेको देखिन्छ।[६३]

मूलपाठ

१. **१ स्वस्ति ।। श्रीमाणीग्लाधिपति श्रीश्रीजययोगनरेन्द्र मल्लदेव प्रभु ठाकुरसन ⸝ लंखवोलं ⸝ क्वथ्व चाबहार यंता गृहनिवासी ग्राहक धन्वन्तरिविश्वनाथभारोनाम्ने प्रसादीकृतं सिलंक्षेत्रनामप्रदेशे ⸝ श्री-तक्षकार मुकुण्डराम भारोस क्षेत्रेण पश्चिमतः मार्ग्गेण उत्तरतः दक्षिणतश्च मार्ग्गओ ⸝ संक्रान्तिगुथिया क्षेत्रात्पूर्व्वतः**

२. **एतत्मध्ये तत्क्षेत्र दशरोपनिकं रोव साह्र १० तत्क्षेत्रं यथानगरकारप्रवर्त्तमानसुवर्ण्णपुष्पमालार्ध प्रढौकृत मोहोर टंका प्यश्लषुय ४६० आदाय स्वाधिनावर्त्तकं न्यायेन क्रीविक्रीण प्रसादारपा जुरो ⸝ अत्र पत्रार्थे दृष्टसाक्षि श्रीरुद्रेन्द्र मल्ल थाकुरस ⸝ सम्वत् ८०८ आषाढशुक्लषष्ठ्यान्तिथौ ⸝ श्रीरा-**

३. **जदैवज्ञमोतिराजेन लिखितं**

(पछाडि)

१. १ ह्ङथ्व खेस जाव सिंल क्षेत्र रोव नसि २ पि-

२. काय धुनो। सं ८८६ भाद्रकृ १

२० सङ्ख्या

ने.सं. ८११ (वि.सं. १७४८) भाद्रशुक्लदशमी

स्तेफान बिल्द्हाइमको सङ्ग्रहमा रहेको यस ताडपत्रको स्क्यानिङ मैले वोल्फ्गाङ्ग बेर्त्शबाट पाएको हुँ। यसको फ्याक्सिमिलि तल २८४ पृष्ठमा छ।

यस लिखतमा बायाँपट्टि फट्केमा माटाको छाप छ। त्यस छापको वरिपरि थोप्ला छन्। ठाउँठाउँमा धेरै नै थोप्ला मेटिएकाले यति नै थोप्ला थिए भनी भन्न सकिएन। त्यसपछि वृत्ताकार घेरा छ। त्यस घेराभित्र सबभन्दा माथि दायाँबायाँ दुवैपट्टि चन्द्र छन्। त्यसपछि २ चन्द्रको बीचमा **श्री** लेखिएको छ। **श्री**पछि दायाँबायाँपट्टि अघिल्लो लहरमा २ र दोस्रो लहरमा ३ थोप्ला छन्। **श्री**पछि पताकाले घेरिएको खड्ग छ। खड्गको दायाँ **यो** र बायाँ **ग** लेखिएको छ। खड्गको मूठको दायाँबायाँ एकएकवटा मकर छन्।

राजा योगनरेन्द्र मल्लको यस लिखतमा बोध मल्ल दृष्टसाक्षी राखिएका छन्। यी दृष्टसाक्षी पहिलो प्रकारका छन्। यिनी सिद्धिनरसिंह मल्लका जुवाइँ हुन्।[६४] यसैले यिनी योगनरेन्द्र मल्लका फुपाजु भए।

६३. महेशराज पन्त २०७०कः ६२।

६४. धनवज्र वज्राचार्य २०१९: मूलभाग ९८, १३०।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यो लिखत राजदैवज्ञ मोतीराजले तयार पारेका हुन् ।

बिक्री भएको खेतको चारकिल्ला खुलाउँदा पूर्वपट्टिको सँधियारमा **विप्र हाकु पाण्डे शर्मा**को नाउँ आएको छ । यी ब्राह्मण मधिसे वा कुमाई हुनुपर्छ । नेवार राज्यमा ब्राह्मणको प्रवेशविषयमा यो लिखत उपयोगी छ ।

मूलपाठ

१. **१ स्वस्ति ।। श्रीमाणीग्लाधिपति श्रीश्रीजययोगनरेन्द्र मल्लदेव प्रभु ठाकुरसन ⸝ सातीग्ल लंखवोल ⸝ क्वथ्व चाबाहारननि यंता गृहनिवासीग्राहकधन्वन्तरिविश्वनाथभारोनाम्ने प्रसादीकृतं तत्रैव लंखवोलं ⸝ लं यन्ता पातालनामक्षेत्रनामप्रदेशे ⸝ विप्रश्रीहाकुपाण्डेशर्म्मणस क्षेत्रेण पश्चिमतः मार्ग्गेणोत्तरतः ग्राहकस्य**

२. **गृहेण पूर्व्वतः श्रीश्रीराज्ञो भूम्या दक्षिणतश्च ⸝ एतन्मध्ये मार्ग्गेणोत्तरप्रवेशदक्षिणाभिमुख तत्पाताल खा नसि २ श्लंमषुत्या १६X तद्भूम्यां यथानगरकारप्रवर्त्तमानेन सुवर्ण्णपुष्पमालार्ध प्रढौकृत मोहोर टंका चयह्रस ८७ दंम पीय ४० आदाय स्वाधिनावर्त्तकं न्यायेन क्रीविक्रीण प्रसादारपा जुरो ⸝**

३. **[६५]अत्र पत्रार्थे दृष्टसाक्षि श्रीबोध मल्ल कुह्मरजुस ⸝ सम्वत् ८११ भाद्रपदशुक्लदशम्यान्तिथौ ⸝ श्रीराजदैवज्ञमोतिराजेन लिखितं ⸝**

(पछाडि)

विश्वनाथ जु वैद्य

२१ सङ्ख्या

ने.सं. ८१९ (वि.सं. १७५५) फाल्गुनकृष्णएकादशी

स्तेफान बिल्द्हाइमको सङ्ग्रहमा रहेको यस ताडपत्रको स्क्यानिङ मैले वोल्फ्गाङ्ग बेर्त्शबाट पाएको हुँ । यसको फ्याक्सिमिलि तल २८५ पृष्ठमा छ ।

यस लिखतमा बायाँपट्टि फट्केमा माटाको छाप छ । वृत्ताकार घेराभित्र सबभन्दा माथि दायाँबायाँ दुवैपट्टि चन्द्र छन् । त्यसपछि २ चन्द्रको बीचमा **श्री** लेखिएको छ । श्रीपछि थोप्लैथोप्लाले घेरिएको खड्ग छ । खड्गको दायाँ **यो** र बायाँ **ग** लेखिएको छ । खड्गको मुठको दायाँपट्टि राखिएको मकर स्पष्ट देखिन्छ ।

राजा योगनरेन्द्र मल्ल यस लिखतमा दृष्टसाक्षी छन् । यी दृष्टसाक्षी दोस्रो प्रकारका छन् ।

मूलपाठ

१. **१ श्रैयोऽस्तु ।। सम्वत् ८१९ फाल्गुणकृष्णएकादश्यान्तिथौ श्रीललितब्रुमायां श्रीमाणीग्लात्पूर्व्वस्थ ⸝ सातीग्लबाहारननि वंतागृह धन्वन्तरि विश्वनाथ वैद्य भारोस नाम्ना सकासात् ।। चालाछे ⸝ सालछेननि**

---

६५. दोस्रो पङ्क्तिको **एतत्मध्ये**को **ए**को ठीक मुनिदेखि तेस्रो पङ्क्ति शुरू गरिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यंता गृह रुद्रसिंह भारोस नाम्न स्वकीयं स्वभुज्य(म)ानिकं ।। स एव चालाछे ⸜ सालछेननि यंता गृह जाव पातालनामप्रदेशे ।। श्रीश्रीराज्ञो गृहेण पश्चिमतः ।।

२. ननिभूम्यां उत्तरतः गिरिधर भारोस गृहओ ⸜ ग्राहकस्य भूओ ⸜ द्वयो सीमाया पूर्व्वतः ग्राहकयाओ ⸜ भागीसिंहभावोया ⸜ द्वयो भूम्या दक्षिणतः एतत्मध्ये ननिन उत्तरप्रवेश दक्षिणाभिमुख तद्गृह जावा खाछि १ जवछि १ मातान जव ननि २ पाता[[ल]] जव स्वं ३ एतद्गृहभूम्यां वसतिवस्थितबहिद्वाराङ्गण-स्यन्दिनिका यक्षणीस्थापन श्रृंखरिसंछान स्वसिमासह

३. यथानगरकारप्रवर्त्तमान तथा सञ्चारार्घेण यथोचित्मूल्यामादाय क्रयविक्रयस्वाधीनत्वं कृत्वा दैविक-राजिकं विना यदि शङ्कटवादविवादादिकं स्यात्तदा धार्ण्णकन परिशोधनीयं ⸜ अत्र पत्रार्थे साक्षि श्रीमाणीग्लाधिपति संगीतार्ण्णवपारगः श्रीश्रीजययोगनरेन्द्रमल्लदेव प्रभु ठाकुरस दृष्टः ।। थ्वते छेया क्रीप्न (मो)होर टंका श्लछिस्वं १०३ थ्वते सर्व्वसोधान पाचकं धुंग्व जुरो ।। शुभं ।।

(पछाडि)

१. छेया क्रीप-

२. त्र

२२ सङ्ख्या

ने.सं. ८२३ (वि.सं. १७५९) पौषशुक्लद्वितीया

स्तेफान बिल्द्हाइमको सङ्ग्रहमा रहेको यस ताडपत्रको स्क्यानिङ मैले वोल्फ्गाङ्ग बेर्त्शबाट पाएको हुँ। यसको फ्याक्सिमिलि तल २८६ पृष्ठमा छ।

यस लिखतमा बायाँपट्टि फट्केमा माटाको छाप छ। एउटा घेरा हालिसकेपछि फेरि अर्को घेरा हालिएको छ र त्यसभित्र लाम्चा लाम्चा २७ वटा राम्ररी चिन्न नसकिएका वस्तुको अर्को घेरा छ। फेरि अर्को घेराभित्र पहिलो लहरमा **श्रीश्रीवीरयो** र दोस्रो लहरमा **गनरेन्द्रमल** लेखिएको छ।

राजा योगनरेन्द्र मल्लको यस लिखतमा राजपत्नी महालक्ष्मी, चौतारा केशरीसिंह बाबु, अर्जबेगी सभापति र प्रमानहरू दृष्टसाक्षी राखिएका छन्। यी दृष्टसाक्षी दोस्रो प्रकारका छन्।

यो लिखत राजदैवज्ञ महेन्द्रराजले तयार पारेका हुन्।

यस लिखतलाई **भासपत्र** भनी चिनाइएको छ। **भाषापत्र**को अपभ्रष्ट रूप **भासपत्र** हो भनी भनिरहनु नपर्ला। यो लिखतभन्दा १९ वर्षअगाडिको, ने.सं. ८०४ (वि.सं. १७४०) पौषशुक्लतृतीयाको, ललितपुरको एउटा लिखतमा २ जना द्यौभाजु दाजुभाइले आफ्ना बाबुलाई साक्षी राखी लेखेको घरायसी पत्रलाई पनि **भाषापत्र**

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भनी चिनाइएको कुराको सम्झना यस प्रसङ्गमा हुन्छ ।[६६]

यस लिखतमा र यहीँ २३ सङ्ख्याको रूपमा छापिएको, ने.सं. ८२४ (वि.सं. १७६१) ज्येष्ठकृष्णत्रयोदशीको लिखतमा योगनरेन्द्र मल्ललाई **माणीग्लाधिपति संगीतार्ण्णवपारग** मात्र नभनी **वीर** विशेषण पनि जोडिएको छ । **वीर** यो शब्द उनका सुकीमा[६७] र अरू अरू अभिलेखमा पनि आउँछ ।

यहाँ दृष्टसाक्षी राखिएकामा राजपत्नी महालक्ष्मी पनि छिन् । यी महालक्ष्मी राजाकी विवाहिता रानी नभई उनका भित्रेनीमध्ये एक हुन् । योगनरेन्द्र मल्लको मृत्यु भएपछि सती जानेमध्ये यिनी पनि थिइन् ।[६८]

यस ताका नेवार राजकाजमा मुसलमानी प्रभाव आइसकेकोले अरबी फारसी आदि भाषाका शासनसम्बन्धी केही शब्द पनि यहाँ भित्रिइसकेका थिए ।[६९] यसैको उदाहरण यहाँ साक्षी बस्ने एक जनाको नाउँअगाडि लगाइएको **अर्ज्जबेगी** शब्द हो । अरबी-फारसी **अर्ज़बेगी** यस शब्दको अर्थ **राजाको अगाडि कुरा पुऱ्याउने र राजालाई भेट्न आउनेलाई उनको सामुन्ने लग्ने अधिकारी** हुन्छ ।[७०]

मूलपाठ

१. **१ स्वस्ति ।। श्रीमाणीग्लाधिपति संगीतार्ण्णवपारग श्रीश्रीवीरजययोगनरेन्द्र मल्लदेव प्रभु ठाकुरसन ᳀ लंखवोलया वैद्यपनिस्त भास चोस्यं प्रसंन जुरङाया भाष थ्वते भाषास एव लंखवोलया वैद्यपनिस ᳀ खड्गपुच्छि १ ह्लापायां जिह्य चो ᳀**

२. **स भकरा जुयाओ ᳀ आव श्रीश्रीथाकुरसन ᳀ ह्लाया कथंनं ᳀ ग्वह्य थंकाडि जुर ओह्मयाके तयमाल जुरो ᳀ थ्व चोस्यं तक्व ग्वह्मण मानय मयात ओह्मयाके मोहर टंका श्लछि १०० श्रीराजदण्ड जुरो थ्वतेया साक्षि श्रीराजपत्नी महा-**

३. **लक्ष्मीदेवी ᳀ चौतारा केशरीसिंह बाबुस ᳀ अर्ज्जबेगी सभापति प्रमानपनि एते दृष्टः ।। सम्वत् ८२३ पौषशुक्ल ᳀ द्वितीयायान्तिथौ ᳀ श्रीराजदैवज्ञमहेन्द्रराजेन लिखितं ।।**

(पछाडि)

भास पत्र ।।

---

६६. महेशराज पन्त २०५०: ४६-४७ मा १४६ सङ्ख्या ।
ऐजन २०७०: § १७.१५ = २८ ।

६७. निकोलस गेर्भास रोड्स आदि २०४५/४६: १०२ = ४०९, ४१० सङ्ख्या ।

६८. ठ्यासफू बी १९ पृष्ठ = डिल्लीरमण रेग्मी २०२३: दोस्रो खण्ड ५३ ।

६९. गौतमवज्र वज्राचार्य २०२१ ।

७०. मुहम्मद मुस्तफा खाँ 'मद्दाह'२०२८/२९: अर्ज़बेगी ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२३ सङ्ख्या

ने.सं. ८२४ (वि.सं. १७६१) ज्येष्ठकृष्णत्रयोदशी

स्तेफान बिल्द्हाइमको सङ्ग्रहमा रहेको यस ताडपत्रको स्क्यानिङ मैले वोल्फ्गाङ्ग बेर्त्शबाट पाएको हुँ। यसको फ्याक्सिमिलि तल २८७ पृष्ठमा छ।

यस लिखतमा बायाँपट्टि फट्केमा माटाको छाप छ। त्यस छापको वरिपरि थोप्ला छन्। दायाँपट्टिका केही थोप्ला मेटिइसकेकाले अहिले २६ वटा थोप्ला मात्र साबुत देखिन्छन्। त्यसपछि वृत्ताकार घेरा छ। त्यस घेराभित्र सबभन्दा माथि श्री लेखिएको छ। श्रीको बीच भागदेखि तलसम्म आउने गरी दायाँबायाँ दुवैपट्टि चन्द्र राखिएका छन्। श्रीको मुनि कछुवा छ।

पुरन्दर मल्ल थाकुर यस लिखतमा दृष्टसाक्षी राखिएका छन्। यी दृष्टसाक्षी पहिलो प्रकारका छन्।

यो लिखत राजदैवज्ञ महेन्द्रराजले तयार पारेका हुन्।

मूलपाठ

१. **१ स्वस्ति ।। श्रीमाणीग्लाधिपति संगीतार्ण्णपारग श्रीश्रीवीरयोगनरेन्द्र मल्लदेव प्रभु ठाकुरसन सातीग्लबाहार धन्वन्तरिविश्वनाथवैद्यभारोनाम्ने प्रसादीकृतं ⸝ सातीग्लबाहार वन्ता दुंदुपातालनाम-प्रदेशे ⸝ गिरिधर भारोया भूम्या-**

२. **ण पश्चिमतः नौमीसिंह वर्म्मणस गृहेण उत्तरतः ग्राहकस गृहेण पूर्व्वतः दक्षिणतश्च ⸝ एतत्मध्ये तत्पाताल कु श्लमङात्या १५X तद्भूम्यां यथानगरकारप्रवर्त्तमानेन सुवर्ण्णपुष्पमालार्घ प्रढौकृत मोहोर टंका ह्रस ७ आदाय स्वाधिनावर्त्त-**

३. **कं न्यायेन क्रीविक्रीण प्रसादारपा जुरो ⸝ अत्र पत्रार्थे दृष्टसाक्षि श्रीपुरन्दर मल्ल थाकुरस ⸝ सम्वत् ८२४ ज्येष्ठकृष्णत्रयोदश्यान्तिथौ ⸝ श्रीराजदैवज्ञमहेन्द्रराजेन लिखितं ⸝ एतद्भूम्यां यथोचित्मूल्यं प्रढौकयित्वा सिद्धपत्रं ।। शुभं ।।**

(पछाडि)

१. विश्वनाथ जु वैद्य ।।

२. छेया पत्र ।।

२४ सङ्ख्या

ने.सं. ८२७ (वि.सं. १७६४) चैत्रकृष्णद्वितीया

स्तेफान बिल्द्हाइमको सङ्ग्रहमा रहेको यस ताडपत्रको स्क्यानिङ मैले वोल्फ्गाङ्ग बेर्त्शबाट पाएको हुँ। यसको फ्याक्सिमिलि तल २८८ पृष्ठमा छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यस लिखतमा बायाँपट्टि फट्केमा माटको छाप छ। त्यो छाप १२ सङ्ख्याको लिखतको जस्तै छ। बेच्नेका भ्राता (दाइ वा भाइ) हाक्वदेव भावो यस लिखतमा दृष्टसाक्षी राखिएका छन्। यी दृष्टसाक्षी दोस्रो प्रकारका छन्।

मूलपाठ

१. ९ श्रैयोऽस्तु ।। सम्वत् ८२७ चैत्रकृष्ण ५ द्वितीयायान्तिथौ ।। श्रीललितब्रूमायां श्रीमाणीग्लके पूर्वस्थ ५ सातीग्लबाहार चाकलं वंता गृह धन्वन्तरि विश्वनाथ वैद्य भारोस नाम्ना सकासात् ५ दोपात मगुडि छे लं येता गृह मनिसिंह भावो ५ मालसिंहदेव भावो ५ हरिशङ्कर

२. भावो बालक जुवस माम विद्ययाङ्न ५ एते नाम्न स्वक्रीयं स्वभुज्यमानिकं ५ कलिपाखवातिकानाम-प्रदेशे ५ नदीसिमाया पश्चिमतः गुठिया वातिकाया उत्तरतः श्रीश्रीराजया वातिकाया पूर्व्वतः बुबाहारया ह्वने वेदजुया कायया वातिकासिमाया दक्षिणतश्च

३. एतन्मध्ये तद्वातिका पञ्चक्रर्षाङ्क क्रर्ष ङा ५ तद्वातिका यथानगरकालप्रवर्त्तमानस्तथा संचारार्घेण यथोचित्मूल्यमादाय क्रयविक्रयस्वाधिनेन तेनानिवर्त्तकंन्यायेन क्रयेन विक्रयेतं भवति यदि स्याद्देवीक-राजिक विना शङ्कटव्यावाडकाले तदा धार्ण्णकेन

४. परिसोधनीयं ५ अत्र पत्रार्थे साक्षि धार्ण्णकिसोगोत्र भ्रात्य हाक्वदेव भावो दृष्ट : ।। थ्व बुया क्रीपन सर्व्वसोधान पाचकं धुंग्व जुरो ।। शुभ ।।

(पछाडि)

१. कलिपाख वातिका-

२. या क्रीपत्र ५

२५ सङ्ख्या

ने.सं. ८२९ (वि.सं. १७६५) मार्गकृष्णतृतीया

स्तेफान बिल्द्हाइमको सङ्ग्रहमा रहेको यस ताडपत्रको स्क्यानिङ मैले वोल्फ्गाङ्ग बेर्त्शबाट पाएको हुँ। यसको फ्याक्सिमिलि तल २८९ पृष्ठमा छ।

यस लिखतमा बायाँपट्टि फट्केमा माटको छाप छ। त्यस छापको वरिपरि ३१ वटा थोप्ला छन्। त्यसपछि वृत्ताकार घेरा छ। त्यस घेराभित्र सबभन्दा माथि श्री लेखिएको छ। श्रीको दायाँबायाँ २ वटा जन्तु भए पनि तिनलाई चिन्न भने सकिएन। तिनको मुनि भएको वस्तु अलि अस्पष्ट छ।

राजा इन्द्र मल्लको यस लिखतमा पाहारसिंह कुह्मर दृष्टसाक्षी राखिएका छन्। यी दृष्टसाक्षी पहिलो प्रकारका छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यो लिखत दैवज्ञ कीर्तिराजले तयार पारेका हुन् ।

यस प्रसङ्गमा सबभन्दा पहिले इन्द्र मल्लको परिचय दिनुपरेको छ । ने.सं. ८२६ कार्तिकशुक्लएकादशी तदनुसार वि.सं. १७६२ कार्तिक १६ गते योगनरेन्द्र मल्ल विषप्रयोगद्वारा मारिएको १५ दिनपछि योगमतीका छोरीका छोरा लोकप्रकाश मल्ल[७१] ने.सं. ८२६ कार्तिककृष्ण (पूर्णान्तमानले मार्गकृष्ण) एकादशीउप्रान्त द्वादशी तदनुसार वि.सं. १७६२ मार्ग १ गते गद्दीमा राखिए[७२] । राजा भएको १ वर्ष पनि नपुग्दै ने.सं. ८२६ आश्विनकृष्ण (पूर्णान्तमानले कार्तिककृष्ण) षष्ठीउप्रान्त सप्तमी तदनुसार ने.सं. १७६३ कार्तिक १५ गते साढे ८ वर्षको उमेरमा लोकप्रकाश मल्ल बिफरले मरे ।[७३] यसको ७ दिनपछि त्यही पक्षको त्रयोदशी तदनुसार कार्तिक २२ गतेको दिन इन्द्र मल्ल गद्दीमा राखिए ।[७४] यिनी योगनरेन्द्र मल्लका भानिज अर्थात् दिदी मणिमतीका छोरा हुन् ।[७५] झण्डै साढे २ वर्ष राजा भई ने.सं. ८२९ चैत्रपूर्णिमा तदनुसार वि.सं. १७६५ चैत्र १७ गतेको दिन यिनी परलोक भए ।[७६]

ललितपुरका राजाहरूमा खास गरी **माणिग्लाधिपति** भन्ने पदवी लाग्ने गरेकोमा यहाँ इन्द्र मल्लको नाउँमा **महाराजाधिराज** भन्ने पदवी पनि जोडिएको छ । यो पदवी इन्द्र मल्लका मातामह अर्थात् आमाका बाबु श्रीनिवास मल्ल,[७७] मामा योगनरेन्द्र मल्ल[७८] र मामाका दौहित्र अर्थात् छोरीका छोरा लोकप्रकाश मल्ल[७९]का लेखमा आकलझुकल आउँछ । श्रीनिवास मल्लका जेठा बाबुका छोरा दाजु प्रताप मल्लका पालादेखिका, काठमाडौँका लिखतमा यो पदवी देखिन थालेकोले[८०] सिद्धिनरसिंह मल्लका भतिजाका पनाति ललितपुरमा पनि राजा बनाइएका भास्कर मल्ल उर्फ महीन्द्रसिंहदेखि राज्यप्रकाश मल्ल[८१]सम्म त **महाराजाधिराज** भन्ने पदवी

---

७१. महेश्वरराज सुवेदी र महेशराज पन्त २०११: २ ।

७२. डिल्लीरमण रेग्मी २०२३ क: २ खण्ड ५३ मा मूलको १९ पृष्ठ ।
शङ्करमान राजवंशी २०२२: ३९ ।
धनवज्र वज्राचार्य २०१९: मूलभाग १५२ ।

७३. शङ्करमान राजवंशी २०२२: ३९ ।

७४. ऐजन ।
योगेश राज २०५६: १० मा मूलको ङ पृष्ठ ।

७५. घनश्याम सुवेदी आदि २०११ ।

७६. धनवज्र वज्राचार्य २०१९: मूलभाग १००-१०१ ।
गौतमवज्र वज्राचार्य २०२३: ३१ = ऐजन २०२४: ३७४ ।

७७. उदाहरणको लागि महेशराज पन्त २०५७: १९-२१, २२-२३ मा २८-२९, ३२-३३ सङ्ख्या; ऐजन २०६६: ६३-६४ ।

७८. उदाहरणको लागि ऐजन: २५-२७, ३० मा ३६-३७, ४२ सङ्ख्या ।

७९. उदाहरणको लागि ऐजन: ३५-३६ मा ४८ सङ्ख्या ।

८०. उदाहरणको लागि ऐजन २०४९: ७५-८० मा ५-९ सङ्ख्या ।

८१. उदाहरणको लागि महीन्द्रसिंहकोमा ऐजन: ३९-४० मा ५३-५४ सङ्ख्या, विष्णु मल्लकोमा ऐजन: ४१-४५ मा

CC-0. Nepal Sanskrit Academy, Kathmandu

एकनासले आउँछ, अन्तिम राजा तेजनरसिंह मल्लको लेखमा चाहिँ कहीँ यो पदवी आएको[८२] र कहीँ नआएको[८३] देखिएको छ ।

मूलपाठ

१. ९ स्वस्ति ।। श्रीमाणीग्लाधिपति माहाराजाधिराज श्रीश्रीजयइन्द्रमल्लदेव प्रभु ठाकुरसन ् सातीग्लबाहार चाकलं येतागृहनिवासीग्राहकधन्वन्तरिविश्वनाथवैद्यभारोनाम्ने प्रसादीकृतं ।। मिरावथंक्षेत्रनामप्रदेशे ।। श्री ३ लाडकोडदेवस क्षेत्रेण पश्चिमतः ।। मार्ग्गेणोत्तरतः ।। तानीग्लया श्रीठाकुरजुपनीस क्षे-

२. त्रेण दक्षिणतश्च ।। एतन्मध्ये तत्क्षेत्र पंचरोपनीकं रोवाङ्क रोव ङा ५ ङाचातलन लं यिताथितान जुरो ।। भूय दत्त खोसिक्षेत्रम्त्रयरोपनीकं रोव स्व ३ भूय लोडक्वडखाक्षेत्र सार्द्धाधिकम्त्रयरोपनीकं स्वत्या ३X भूय धुपाक्षलवातिका साद्धाधिकवतुरक्रषाङ्क क्रर्ष पित्या ४X यथाचतुराघातेन परिवेष्ठितं ् एते क्षेत्रवातिका यथानगरकाल-

३. प्रवर्त्तमानेनसुवर्ण्णपुष्पमालार्घ प्रढौकृत मोहोर टंका षुश्लवो भूय ङा मोहोरव ६९५ आदाय स्वाधिनावर्त्तकं न्यायेन क्रीविक्रीण प्रसादारपा जुरो ् अत्र पत्रार्थे दृष्टसाक्षि श्रीपाहारसिंह कुह्मरजुस सम्वत् ८२९ मार्ग्गशिरकृष्ण ् तृतीयायान्तिथौ ।। दैवज्ञकीर्त्तिराजेन लिखितं ।। थ्वते बुया भर्ण्ण शुद्धकं दुन्ते धुंग्व जुरो ।। शुभ ।।

(पछाडि)

१. वि श्व

२. ना थ

३. वै द्य

५५-५९ सङ्ख्या र यही लेखको २३ सङ्ख्या र महेशराज पन्त २०७० खः २१८-२१९, २३४ मा १४ सङ्ख्या, राज्यप्रकाश मल्लकोमा महेशराज पन्त २०५७: ४५-५० मा ६०-६६ सङ्ख्या ।

८२. उदाहरणको लागि ऐजनः ५१ मा ६८ सङ्ख्या ।

८३. उदाहरणको लागि ऐजनः ५० मा ६७ सङ्ख्या ।①

---

① यस लिखतमा राजाको नाम यसरी– **श्रीश्रीजयनरसिंह मलदेव प्रभु ठाकुलसन**– लेखिएको र यहाँ **तेज** नै छुटेकोले लेखकको कमजोरीले **महाराजाधिराज** शब्द छुटेको हो कि भनी शङ्का गर्ने ठाउँ छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२६ सङ्ख्या

ने.सं. ८४६ (वि.सं १७८२) मार्गकृष्णएकादशी

नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ई १८९४/४४ यस ताडपत्रको फ्याक्सिमिलि तल २९० पृष्ठमा छ ।

छोरीलाई सम्पत्ति दिने कृष्णानन्द वैद्य भारोका २ जना जेठा बाबु ढुण्डिराज भारो र जुगिदास भारो तथा भ्राता (दाजु वा भाइ) हरिदास भारो र अच्युतानन्द भारो यस लिखतमा दृष्टसाक्षी राखिएका छन् । यी दृष्टसाक्षी दोस्रो प्रकारका छन् ।

मूलपाठ

१. **१सम्वत् ८४६ मार्गशिरवद्धि ११ सातीग्लबाहार वन्ता गृह धन्वन्तरि कृष्णानन्द वैद्य भारोसन ् स्वपुत्री चिकितिमयीयात ् बु चोस्यं बिलङाया भाषा थ्वते ।। भाषा दतखोसि बु रोव षु ६ थ्वतेया अर्द्धभाग जुक्व**

२. **उत्तरता जुरो ।। भूय बिसिंद्व बु रोव षु ६ यथाचतुराघातेन परिव्यष्टितं ।। भाषा थ्वते बु ् स एव चिकितिमयीयात ् सिब[८४]य याङ क्रीविक्रीन शुद्धकं चोस्यं बिया जुरो ।। थ्वतेया साक्षी ज्येष्टपितृव्य ढुंढिराज भारो ।।**

३. **जु[८५]गिदास भारो ् भ्राता हरिदास भारो ् अच्युतानन्द भारो एते दृष्ट ।। शुभमस्तु ।।**

२७ सङ्ख्या

ने.सं. ८६४ (वि.सं. १८००) माघकृष्णएकादशी

स्तेफान बिल्द्हाइमको सङ्ग्रहमा रहेको यस ताडपत्रको स्क्यानिङ मैले वोल्फ्गाङ्ग बेर्त्शबाट पाएको हुँ । यसको फ्याक्सिमिलि तल २९१ पृष्ठमा छ ।

यस लिखतमा बायाँपट्टि फट्केमा माटको छाप छ । त्यस छापको वरिपरि थोप्ला छन् । दायाँपट्टिका केही थोप्ला मेटिइसकेकाले अहिले २६ वटा थोप्ला मात्र साबुत देखिन्छन् । त्यसपछि वृत्ताकार घेरा छ । त्यस घेराभित्र सबभन्दा माथि दायाँपट्टि सूर्य र बायाँपट्टि चन्द्र छन् । त्यसमुनि पद्मासनमा बसेकी चतुर्भुजा देवीको मूर्ति छ । राजा विष्णु मल्लले चालाछेको सडकदेखि दक्षिणपट्टि घर भएका वैद्य कृष्णानन्द भारोलाई सिलाफले भन्ने ठाउँको ४ रोपनी, ३ रोपनी आधा जव खेत ५०८ मोहर टङ्कामा बेची गरिदिएको राजीनामापत्र यो हो ।

---

८४. यो **ब** अलि खुँडे छ ।

८५. दोस्रो पङ्क्तिको **सिबय**को **ब**को ठीक मुनिदेखि तेस्रो पङ्क्ति शुरू गरिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

राजा विष्णु मल्लको यस लिखतमा चन्द्रशेखर मल्ल थाकुर दृष्टसाक्षी राखिएका छन् । यी दृष्टसाक्षी पहिलो प्रकारका छन् ।

यो लिखत राजदैवज्ञ मृगेन्द्रराजले तयार पारेका हुन् ।

यी राजा विष्णु मल्ल राजा श्रीनिवास मल्लकी छोरी मणिमतीका दौहित्र अर्थात् छोरी पुण्यमतीका छोरा र राजा इन्द्र मल्लका भानिज हुन् ।[८६] पाटनका राजा योगप्रकाश मल्ल ने.सं. ८४९ (वि.सं. १७८६) भाद्रशुक्लद्वादशीको दिन बितेपछि गद्दीमा बसेका विष्णु मल्ल ने.सं. ८६५ (वि.सं. १८०२) श्रावणशुक्लअष्टमीको दिन परलोक नभएसम्म राजा भए ।[८७]

मूलपाठ

१. ९ स्वस्ति ।। श्रीमाणीग्लाधिपति महाराजाधिराज श्रीश्रीजयविष्णुमल्लदेव प्रभु थाकुरसन ् चालाछे चाकलं येता गृह धन्वन्तरिकृष्णानन्दभारोनाम्ने प्रसादीकृतं ।। सिलाफलेक्षेत्र नामप्रदेशे ् स्वल्पमा-

२. र्गेण पश्चिमतः [८८]क्षेत्रेणोत्तरतः कीर्त्तिपुरि मतिनखेल दक्रमितोस क्षेत्रेण पूर्व्वतः मूलमार्गेण दक्षिणतः एतन्मध्ये तत्क्षेत्र चतुररोपनिकं रोव पि ४ भूय सिलक्षेत्र जवार्द्धाधिक-

३. त्रयरोपणिकं रोव स्व ३ बाजो × तौ क्षेत्रौ यथानगरकालप्रवर्त्तमानेन सुवर्ण्णपुष्पमालार्घप्रढौकृतमोहोर टंका ङ्शलच्या ५०८ आदाय स्वाधिनावर्त्तकन्यायेण क्रिबिक्रीण प्रसादारपा जुरो अत्र पत्रार्थे दृष्टसाक्षि

४. [८९]श्रीचन्द्रशेषर मल्ल थाकुरस ् सम्वत् ८६४ माघकृष्ण-एकादश्यान्तिथौ ।। राजदैवज्ञमृगेन्द्रराजेन लिखितं ।। भर्ण्ण सुद्धकं धुंग्व जुरो ।। शुभं ।।

(पछाडि)

१. ९ ह्डखेस जाव सिंल क्षत्र रोव ३ बाजो ×

२. यिबिय धुंग्व ् सं ८६४ फाल्गुणवद्धि १०

(अर्कै हस्ताक्षरमा)

कृष्णानन्द वैद्य

---

८६. भोलानाथ पौडेल र धनवज्र वज्राचार्य २०२०: ३-४ ।

८७. महेशराज पन्त २०७० ख: २१८ ।

८८. दक्षिणपट्टिका जग्गाधनीको नाउँ थाहा नभएकोले पछि थप्न भनी केही ठाउँ छोडी पहिलो पङ्क्तिको श्रीश्रीजयंको जकोठीक मुनिदेखि लेख्न शुरू गरिएको छ ।

८९. तेस्रो पङ्क्तिको यथानगरंको यको ठीक मुनिदेखि चौथो पङ्क्ति शुरू गरिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२८ सङ्ख्या

ने.सं. ८८५ (वि.सं. १८२२) भाद्रकृष्णपञ्चमी

स्तेफान बिल्द्हाइमको सङ्ग्रहमा रहेको यस ताडपत्रको स्क्यानिङ मैले वोल्फ्गाङ्ग बेर्त्शबाट पाएको हुँ। यसको फ्याक्सिमिलि तल २९२ पृष्ठमा छ।

यस लिखतमा बायाँपट्टि फट्केमा माटाको छाप छ। त्यस छापको वरिपरि थोप्ला भए पनि छाप ठाउँठाउँमा फुटेकोले थोरै थोप्ला मात्र बाँकी छन्। त्यसपछि वृत्ताकार घेरा छ। त्यस घेराभित्र श्री लेखिएको छ। बेच्नेका छोरा विष्णुधर भारो यस लिखतमा दृष्टसाक्षी राखिएका छन्। यी दृष्टसाक्षी दोस्रो प्रकारका छन्।

मूलपाठ

१. **९ श्रेयोऽस्तु ।। सम्वत् ८८५ भाद्रपदकृष्ण ।। पंचम्यान्तिथौ ।। श्रीललितब्रुमायां श्रीमाणीग्लात्पूर्वस्थः ।। सातीग्ल चाकलं येता गृह ‹ धन्वन्तरि कृष्णानन्द भारोस नाम्ना सकासात् ।। खानाछे तुंथि यौता गृह दैवज्ञ ‹ कुतुसिंह भारोस नाम्नाः स्वक्रीयं स्वभुज्यमानिकं ।। लसिक्ववाटिकानामप्रदेशे ।।**

२. **एतन्मध्ये तद्वाटिका एककर्षाङ्क कर्षछि १ तद्वाटिका यथानगरकालप्रवत्तमानस्तथा संचारार्घेण यथोचित्मूल्यमादाय क्रयविक्रयस्वाधि-**

३. **नावर्त्तकं न्यायन क्रयेण विक्रयस्तम्भवति यदि स्याद्दैविकराजिक विना तद्वाटिकायाः शङ्कटविवादकाले तदा धार्ण्णकेन परिशोधनीयं अत्र पत्रार्थे साक्षि धार्ण्णकस्य पुत्र विष्णुधर भारो दृष्ट ।। पूर्व्वपत्र खुनिह्म आदिन छपुन चोग्वस पित मकाया ।। सर्व्व शोधान पाचु ।। शुभ ।।**

(पछाडि)

१. लसि क्व

२. बुक्री

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१ सङ्ख्या

ने.सं. ६३७ (वि.सं. १५७४) वैशाखशुक्लपञ्चमीको ताडपत्रको फ्याक्सिमिलि

यस ताडपत्रको पाठ माथि २५१ पृष्ठमा छ ।





२ सङ्ख्या

ने.सं. ६४१ (वि.सं. १५७८) वैशाखशुक्लप्रतिपदाको ताडपत्रको फ्याक्सिमिलि

मेरो सङ्ग्रहमा रहेको यस ताडपत्रको पाठ माथि २५२ पृष्ठमा छ ।





CC-0. Nepal Sanskrit Academy, Kathmandu

३ सङ्ख्या

ने.सं. ६४३ (वि.सं. १५८०) ज्येष्ठकृष्णतृतीयाको ताडपत्रको फ्याक्सिमिलि
नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ई २१०१/१२
यस ताडपत्रको पाठ माथि २५३ पृष्ठमा छ ।



४ सङ्ख्या

ने.सं. ६४३ (वि.सं. १५८०) आषाढशुक्लत्रयोदशीको ताडपत्रको फ्याक्सिमिलि
मेरो सङ्ग्रहमा रहेको यस ताडपत्रको पाठ माथि २५३-२५४ पृष्ठमा छ ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu

५ सङ्ख्या

ने.सं. ६४५ (वि.सं. १५८१) माघकृष्णतृतीयाको ताडपत्रको फ्याक्सिमिलि

यस ताडपत्रको पाठ महेशराज पन्त २०५५: ७ मा ९ सङ्ख्याको रूपमा छ ।

१.
२.
३.
४.



१.
२.
३.
४.



६ सङ्ख्या

ने.सं. ६४५ (वि.सं. १५८२) चैत्रशुक्लपञ्चमीको ताडपत्रको फ्याक्सिमिलि

यस ताडपत्रको पाठ महेशराज पन्त २०६९: १२१-१२२ मा ४ सङ्ख्याको रूपमा छ ।

यसको फ्याक्सिमिलि ऐजन: १२६ मा छ ।

७ सङ्ख्या

ने.सं. ६४५ (वि.सं. १५८२) चैत्रशुक्लपञ्चमीको ताडपत्र

यस ताडपत्रको पाठ माथि २५५ पृष्ठमा छ । यसको फोटो नभएकोले फ्याक्सिमिलि दिन सकिएन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

८ सङ्ख्या

ने.सं. ६५० (वि.सं. १५८६) कार्तिकशुक्लद्वादशीको ताडपत्रको फ्याक्सिमिलि

नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको माइक्रोफिल्मको रीलसङ्ख्या ई २१३२/३

यस ताडपत्रको पाठ माथि २५५-२५६ पृष्ठमा छ ।



(पछाडि)



९ सङ्ख्या

ने.सं. ६५२ (वि.सं. १५८८) माघकृष्णद्वितीयाको ताडपत्र

यस ताडपत्रको पाठ माथि २५६-२५७ पृष्ठमा छ । यसको फोटो नभएकोले फ्याक्सिमिलि दिन सकिएन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१० सङ्ख्या

ने.सं. ६६२ (वि.सं. १५९८) कार्तिककृष्णचतुर्थीको ताडपत्रको फ्याक्सिमिलि

यस ताडपत्रको पाठ महेशराज पन्त २०६०: ३८ मा छ ।



११ सङ्ख्या

ने.सं. ६६८ (वि.सं. १६०५) श्रावणशुक्लनवमीको ताडपत्रको फ्याक्सिमिलि

यस ताडपत्रको पाठ माथि २५८ पृष्ठमा छ ।





CC-0. Nepal Sanskrit Academy, Kathmandu

१२ सङ्ख्या

ने.सं. ६६९ (वि.सं. १६०६) वैशाखकृष्णप्रतिपदाको ताडपत्रको फ्याक्सिमिलि

यस ताडपत्रको पाठ माथि २५९ पृष्ठमा छ ।









(पछाडि)



CC-0. Nepal Sanskrit Academy, Kathmandu

१३ सङ्ख्या

ने.सं. ७४७ (वि.सं. १६८४) वैशाखकृष्णनवमीको ताडपत्रको फ्याक्सिमिलि

यस ताडपत्रको पाठ महेशराज पन्त २०६५: २७४ मा १ सङ्ख्याको रूपमा छ ।

यसको फ्याक्सिमिलि ऐजन: २८१ मा छ ।

१४ सङ्ख्या

ने.सं. ७५१ (वि.सं. १६८८) श्रावणकृष्णतृतीयाको ताडपत्रको फ्याक्सिमिलि

यस ताडपत्रको पाठ महेशराज पन्त २०६६: ६० मा छ ।

यसको फ्याक्सिमिलि ऐजन: ६२ मा छ ।

१५ सङ्ख्या

ने.सं. ७५३ (वि.सं. १६९०) फाल्गुनकृष्णप्रतिपदाको ताडपत्रको फ्याक्सिमिलि

यस ताडपत्रको पाठ महेशराज पन्त २०५०: १५ मा छ ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu

१६ सङ्ख्या

ने.सं. ७७० (वि.सं. १७०६) कार्तिककृष्णचतुर्थीको ताडपत्रको फ्याक्सिमिलि

यस ताडपत्रको पाठ माथि २६१ पृष्ठमा छ ।





१७ सङ्ख्या

ने.सं. ७९८ (वि.सं. १७३५) चैत्रअमावास्याको ताडपत्रको फ्याक्सिमिलि

यस ताडपत्रको पाठ महेशराज पन्त २०६६ कः ६३-६४ मा छ ।

यसको फ्याक्सिमिलि ऐजनः ६५ मा छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१८ सङ्ख्या

ने.सं. ८०७ (वि.सं. १७४४) माघशुक्लषष्ठीको ताडपत्रको फ्याक्सिमिलि

यस ताडपत्रको पाठ माथि २६२ पृष्ठमा छ ।









(पछाडि)



CC-0. Nepal Sanskrit Academy, Kathmandu

१९ सङ्ख्या

ने.सं. ८०८ (वि.सं. १७४५) आषाढशुक्लषष्ठीको ताडपत्रको फ्याक्सिमिलि

यस ताडपत्रको पाठ माथि २६३ पृष्ठमा छ ।









(पछाडि)





CC-0. Nepal Sanskrit Academy, Kathmandu

१८ सङ्ख्या

ने.सं. ८०७ (वि.सं. १७४४) माघशुक्लषष्ठीको ताडपत्रको फ्याक्सिमिलि

यस ताडपत्रको पाठ माथि २६२ पृष्ठमा छ ।









(पछाडि)



CC-0. Nepal Sanskrit Academy, Kathmandu

१९ सङ्ख्या

ने.सं. ८०८ (वि.सं. १७४५) आषाढशुक्लषष्ठीको ताडपत्रको फ्याक्सिमिलि

यस ताडपत्रको पाठ माथि २६३ पृष्ठमा छ ।









(पछाडि)





CC-0. Nepal Sanskrit Academy, Kathmandu

२० सङ्ख्या

ने.सं. ८११ (वि.सं. १७४८) भाद्रशुक्लदशमीको ताडपत्रको फ्याक्सिमिलि

यस ताडपत्रको पाठ माथि २६४ पृष्ठमा छ ।









(पछाडि)



CC-0. Nepal Sanskrit Academy, Kathmandu

२१ सङ्ख्या

ने.सं. ८१९ (वि.सं. १७५५) फाल्गुनकृष्णएकादशीको ताडपत्रको फ्याक्सिमिलि

यस ताडपत्रको पाठ माथि २६४-२६५ पृष्ठमा छ ।











(पछाडि)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२२ सङ्ख्या

ने.सं. ८२३ (वि.सं. १७५९) पौषशुक्लद्वितीयाको ताडपत्रको फ्याक्सिमिलि

यस ताडपत्रको पाठ माथि २६६ पृष्ठमा छ ।







(पछाडि)



CC-0. Nepal Sanskrit Academy, Kathmandu

२३ सङ्ख्या

ने.सं. ८२४ (वि.सं. १७६१) ज्येष्ठकृष्णत्रयोदशीको ताडपत्रको फ्याक्सिमिलि

यस ताडपत्रको पाठ माथि २६७ पृष्ठमा छ ।







(पछाडि)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२४ सङ्ख्या

ने.सं. ८२७ (वि.सं. १७६४) चैत्रकृष्णद्वितीयाको ताडपत्रको फ्याक्सिमिलि

यस ताडपत्रको पाठ माथि २६८ पृष्ठमा छ ।







(पछाडि)



CC-0. Nepal Sanskrit Academy, Kathmandu

२५ सङ्ख्या

ने.सं. ८२९ (वि.सं. १७६५) मार्गकृष्णतृतीयाको ताडपत्रको फ्याक्सिमिलि

यस ताडपत्रको पाठ माथि २७० पृष्ठमा छ ।











(पछाडि)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२६ सङ्ख्या

ने.सं. ८४६ (वि.सं. १७८२) मार्गकृष्णएकादशीको ताडपत्रको फ्याक्सिमिलि

यस ताडपत्रको पाठ माथि २७१ पृष्ठमा छ ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu

२७ सङ्ख्या

ने.सं. ८६४ (वि.सं. १८००) माघकृष्णएकादशीको ताडपत्रको फ्याक्सिमिलि

यस ताडपत्रको पाठ माथि २७२ पृष्ठमा छ ।







(पछाडि)





CC-0. Nepal Sanskrit Academy, Kathmandu

२८ सङ्ख्या

ने.सं. ८८५ (वि.सं. १८२२) भाद्रकृष्णपञ्चमीको ताडपत्रको फ्याक्सिमिलि

यस ताडपत्रको पाठ माथि २७३ पृष्ठमा छ ।









(पछाडि)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यो लेख लेख्दा काम लिइएका साधनको तालिका

केशव खनाल २०५७

= वि.सं. २०५७ जेठ १ गते आइतवारको दिन प्रकाशित *ज्वाला साप्ताहिक* १८ वर्ष ३२ अङ्कको ५ पृष्ठमा प्रकाशित, केशव खनालको *आयुर्वेदका धरोहर चौरानब्बे वर्षीय**[१] *सिद्धिगोपाल वैद्य* ।

गौतमवज्र वज्राचार्य २०२१

= वि.सं. २०२१ मा प्रकाशित *पूर्णिमा* १ पूर्णाङ्कका ३१-४१ पृष्ठमा छापिएको, गौतमवज्र वज्राचार्यको *नेवारी भाषामा फारसी अरबी आदि मुसलमानी भाषाको प्रभाव* ।

गौतमवज्र वज्राचार्य २०२३

= वि.सं. २०२३ मा प्रकाशित *पूर्णिमा* १२ पूर्णाङ्कका २२-३९ पृष्ठमा छापिएको, गौतमवज्र वज्राचार्यको *अप्रकाशित ठ्यासफु (ऐतिहासिक घटनावलि)* ।

गौतमवज्र वज्राचार्य २०२४

= वि.सं. २०२४ मा प्रकाशित *पूर्णिमा* १६ पूर्णाङ्कका ३७२-३८२ पृष्ठमा छापिएको, गौतमवज्र वज्राचार्यको *ठ्यासफुको ऐतिहासिक व्याख्या* ।

घनश्याम सुवेदी आदि २०११

= वि.सं. २०११।५।२१।२ मा काठमाडौँबाट घनश्याम सुवेदी, ऐश्वर्यधर शर्मा, गौतवज्र वज्राचार्य र कुमारधर शर्मा-द्वारा प्रकाशित; उनीहरूकै

इतिहास-संशोधन

(२ संख्या)

श्री बालचन्द्र शर्मा एम्.ए. साहित्यरत्नजी भानिजलाई छोरो भनी कल्पना गर्नु हुन्छ, मुद्राको अक्षर अशुद्ध पढ्नु हुन्छ, शासनकालमा पनि गडवड गर्नु हुन्छ ।*

डिल्लीरमण रेग्मी २०२३

= ई.सं. १९६६ (वि.सं. २०२३) मा कलकत्ताबाट फर्मा के.एल. मुखोपाध्यायद्वारा प्रकाशित, डिल्लीरमण रेग्मीको *मेड्इईभ़ल् नेपाल्* ३ भाग ।

धनवज्र वज्राचार्य २०१९

= वि.सं. २०१९ मा ललितपुरबाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित; धनवज्र वज्राचार्यको प्रधानसम्पादकत्वमा रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलद्वारा सम्पादित *इतिहास-संशोधनको प्रमाण-प्रमेय* ।

निकोलस गेर्भास रोड्स आदि २०४५/४६

=, ई.सं. १९८९ (वि.सं. २०४५/४६) मा लन्डनबाट रइअल न्यूमिज्म्याट्इक ससाइइटिबाट प्रकाशित, निकोलस गेर्भास रोड्स, कार्ल ग्राबिश र कार्लो फाल्देत्तारो पोन्तेकोर्भो देला रोसेताको *कइन्एज् अफ् नेपाल्* (नेपालका सिक्का) ।

---

१. यस लेखमा जहाँ जहाँ यस्तो *चिह्न दिइएको छ, त्यसको अर्थ त्यो अशुद्ध शब्द जस्ताकोतस्तै सारिएको भन्ने हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बाल चन्द्र शर्मा २०१९

= वि.सं. २०१९ मा काठमाडौँबाट रायल नेपाल एकेडेमीद्वारा प्रकाशित, बाल चन्द्र शर्माको *नेपाली शब्द-कोश*।

भैरव रिसाल २०५७

= वि.सं. २०५७ मा काठमाडौँबाट पानस इन्स्टिच्यूट दक्षिण एशियाद्वारा प्रकाशित, भैरव रिसालद्वारा सङ्कलित र सम्पादित *उहिले बाजेको पालामा !*।

भोलानाथ पौडेल र धनवज्र वज्राचार्य २०२०

= वि.सं. २०२०।३।७ मा काठमाडौँबाट संशोधन-मण्डलद्वारा प्रकाशित, भोलानाथ पौडेल र धनवज्र वज्राचार्यको *इतिहास-संशोधन*

[५७ संख्या]

(ज्ञवालीविषयक २ संख्या)

(ज्ञवालीविषयक ५ पूर्णसंख्या)

रायल–नेपाल–एकेडेमीका सदस्य सचिव श्रीसूर्यविक्रम ज्ञवाली बी.ए.बी.टी. ज्यू पढ्ने खोज्ने काममा नलागी जथाभावी कल्पित कुरा लेखी नेपालको इतिहासलाई भ्रष्ट पार्दै हुनुहुन्छ।

महेशराज पन्त २०४९

= वि.सं. २०४९ मा प्रकाशित *पूर्णिमा* ८२ पूर्णाङ्कका ७१-८१ पृष्ठमा छापिएको, महेशराज पन्तको *प्रताप मल्लका, ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका दशवटा लिखतपत्र*।

महेशराज पन्त २०५०

= वि.सं. २०५० मा प्रकाशित *पूर्णिमा* ८६ पूर्णाङ्कका १-६५ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवार राज्य र ब्राह्मण*।

महेशराज पन्त २०५५

= वि.सं. २०५५ मा प्रकाशित *पूर्णिमा* ९४ पूर्णाङ्कका १-६० पृष्ठमा छापिएको, महेशराज पन्तको *ताडपत्रमा लेखिएका, विक्रमको पन्ध्रौंदेखि अठाह्रौं शताब्दीभित्रका, अहिलेसम्म प्रकाशमा नआएका ७५ वटा लिखतपत्र*।

महेशराज पन्त २०५७

= *पूर्णिमा* १०२ पूर्णाङ्कका १-५१ पृष्ठमा छापिएको, महेशराज पन्तको *पाटनका मल्ल राजाहरूका, ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका, ६८ वटा लिखतपत्र (वि.सं. १६७८-१८२३)*।

महेशराज पन्त २०६०

= *पूर्णिमा* १०८ पूर्णाङ्कका ३८-३९ पृष्ठमा छापिएको, महेशराज पन्तको *विष्णुसिंह र उनका छोराहरू माणिग्लाधिपति भइसकेपछिका, पाटनका पात्रका, ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका २ वटा लिखतपत्र*।

महेशराज पन्त २०६४

= वि.सं. २०६४ मा प्रकाशित *पूर्णिमा* १२७ पूर्णाङ्कका १८३-१८९ पृष्ठमा छापिएको, महेशराज पन्तको *सिद्धिनरसिंह मल्लका लिखतपत्रमा साक्षीहरू* ।

महेशराज पन्त २०६५

= वि.सं. २०६५ मा प्रकाशित *पूर्णिमा* १२८ पूर्णाङ्कका २७१-२८४ पृष्ठमा छापिएको, महेशराज पन्तको *सिद्धिनरसिंह मल्लका ४ वटा लिखतपत्र* ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

महेशराज पन्त २०६६

= *पूर्णिमा* १२९ पूर्णाङ्कका ५९-६२ पृष्ठमा छापिएको, महेशराज पन्तको *विश्वराज वैद्यसम्बन्धी अर्को एउटा लिखतपत्र* ।

महेशराज पन्त २०६६ क

= *पूर्णिमा* १२९ पूर्णाङ्कका ६३-६५ पृष्ठमा छापिएको, महेशराज पन्तको *श्रीनिवास मल्लको एउटा लिखतपत्र* ।

महेशराज पन्त २०६९

= वि.सं. २०६९ मा प्रकाशित *पूर्णिमा* १३८ पूर्णाङ्कका ११६-१२८ पृष्ठमा छापिएको, महेशराज पन्तको *ने.सं. ५३८ (वि.सं. १४७४) देखि ने.सं. ६४५ (वि.सं. १५८२) भित्रका, ताडपत्रका ४ वटा लिखत* ।

महेशराज पन्त २०७०

= वि.सं. २०७० मा काठमाडौँबाट नेपालकानूनआयोगद्वारा प्रकाशित *कानून आयोग पत्रिकाका* १-५२ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्यका कानूनी लिखत* ।

महेशराज पन्त २०७० क

= वि.सं. २०७० मा काठमाडौँबाट स्थापित खलःद्वारा प्रकाशित *स्थापित खलःया ख्वाःपौ* (स्थापितखलकको मुखपत्र) ४ अङ्कका ६१-६८, ७०-७७ पृष्ठमा छापिएको, महेशराज पन्तको *नेवारराज्यका कानूनी लिखतमा स्थापित र बाराहि* ।

महेशराज पन्त २०७० ख

= वि.सं. २०७० मा प्रकाशित *पूर्णिमा* १३९ पूर्णाङ्कका १८९-२४२ पृष्ठमा छापिएको, महेशराज पन्तको *ने.सं. ६४८ (वि.सं. १५८४) देखि ८६६ (वि.सं. १८०२) भित्रका, ताडपत्रका १५ वटा लिखत* ।

महेश्वरराज सुवेदी र महेशराज पन्त २०११

= वि.सं. २०११।११।२।७ मा काठमाडौँबाट महेश्वरराज सुवेदी र महेशराज पन्तद्वारा प्रकाशित, उनीहरूकै

इतिहास-संशोधन

[१ संख्या]

श्री पं. अम्बिकाप्रसाद उपाध्याय एम.ए. बी.एल.ले गर्नुभएको अशुद्धि ।

मुहम्मद मुस्तफा खाँ 'मद्दाह' २०२८/२९

= ई.सं. १९७२ (वि.सं. २०२८/२९) मा लखनौबाट हिन्दी समितिद्वारा प्रकाशित, मुहम्मद मुस्तफा खाँ 'मद्दाह'को उर्दू-*हिन्दी शब्दकोश* ।

योगेश राज २०५६

= वि.सं. २०५६ मा भक्तपुरबाट सुथांद्वारा प्रकाशित *पासूका* (पञ्चसूत्रिका) ४ वर्ष ४ अङ्कका ९-११ पृष्ठमा छापिएको, योगेश राजको *भक्तपुर मल्ल राजपरिवार सँग सम्बन्ध राख्ने ऐतिहासिक टिपोट* ।

शङ्करमान राजवंशी २०२२

= वि.सं. २०२२ मा प्रकाशित *पूर्णिमा* ६ पूर्णाङ्कका ३७-४४ पृष्ठमा छापिएको, शङ्करमान राजवंशीको *योगनरेन्द्र मल्लका उत्तराधिकारी* ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्रताप मल्लको *तीर्थजात्रा*मा थप कुरा

-महेशराज पन्त

प्रताप मल्लको *तीर्थजात्रा*को उपान्त्य पृष्ठमा *वाग्मतीजलमाहात्म्य* लेखिसकेपछि अर्कै हस्ताक्षरमा हात नबसेको अक्षरमा गणेशको स्तुति गरी शार्दूलविक्रीडितमा लेखिएको एउटा पद्य छ । त्यस पद्यमा ठाउँठाउँमा अशुद्धि भए पनि **अर्थै नबुझिने अवस्थामा मात्र टिप्पणीमा पाठ सच्याइएको छ** (वि.सं. २०६९ मा प्रकाशित *पूर्णिमा* १३७ पूर्णाङ्क ३६ पृष्ठ) भनी त्यस *तीर्थजात्रा*को सम्पादन गर्दा नीति बनाएकोले ती गल्तीको संशोधन नगरी यथावत् छपाएँ (५३ पृष्ठ) । त्यहीँ छपाइएको त्यस पृष्ठको फ्याक्सिमिलिसँग फेरि रुजू गर्दा मैले छपाएको पाठमा ३ ठाउँमा गल्ती भएको रहेछ- दोस्रो पाउमा **प्रस्यदन** हुनुपर्नेमा **प्रसादन**, ४ पाउमा **°सिद्धिप्रतं कमसू** हुनुपर्नेमा **°सिद्धियुतं कम** र त्यसपछिको अक्षर मूलमा देखिए पनि पढ्न नसक्दा यस्तो - चिह्नले जनाएको थिएँ ।

यो पद्य गणेशस्तोत्रको हो, मलाई कण्ठै आउँछ भनी वि.सं. २०६९ माघ २९ गते सोमवार श्रीदेविचन्द्र श्रेष्ठले भन्नुभयो । नभन्दै मसँग भएको, शिवदत्त मिश्रद्वारा सम्पादित *बृहत्स्तोत्ररत्नाकर*मा *गणपतिस्तोत्र*[१] भनी छपाइएकोमा तेस्रो श्लोक यो रहेछ-

खर्व स्थूलतनुं गजेन्द्रवदनं लम्बोदरं सुन्दरं
प्रस्यन्दन्मदगन्धलुब्धमधुपव्यालोलगण्डस्थलम् ।
दन्ताघातविदारितारिरुधिरैः सिन्दूरशोभाकरं
वन्दे शैलसुतासुतं गणपतिं सिद्धिप्रदं कामदम् ।।

*तीर्थजात्रा*मा भएको यस पद्यको पहिलो पाउको उठानको पाठ मैले **खर्व्वस्थूलगुरुं** छपाए पनि यसलाई **खर्व्वस्थूलतुरुं** पनि पढ्न नसकिने थिएन । तर **तुरुं**को अर्थ नभएकोले मैले **गुरुं** पढेको थिएँ । अहिले *गणपतिस्तोत्र* हेर्दा **तनुं**लाई *तीर्थजात्रा*मा सार्नेले **तुरुं** गरेको देखिएको छ ।

*तीर्थजात्रा*मा र *गणपतिस्तोत्र*मा एउटा वास्तव पाठान्तर मैले तेस्रो पाउमा भेट्टाएको कुराको पनि यहाँ चर्चा गर्नु राम्रै होला । सार्नेले गरेको गल्ती वास्ता नगरी तीर्थजात्राको पाठ उतार्दा **दन्ताघातविदारितारिवनितासिन्दूर-शोभाकरं भएकोमा** यस *गणपतिस्तोत्र*मा **दन्ताघातविदारितारिरुधिरैः सिन्दूरशोभाकरं** भएकोले अघिल्लोको उल्था **दाँतले हानेर चिरिएको, शत्रुपत्नीको सिन्दूरको जस्तो शोभा भएको** हुन्छ त पछिल्लोको उल्थाचाहिँ **दाँतले हानेर चिरिएको शत्रुका रगतले गर्दा सिन्दूरको जस्तो शोभा भएको** भन्ने हुन्छ ।

---

१. वि.सं. २०३७ मा काशीबाट ठाकुरप्रसादपुस्तकभण्डारद्वारा प्रकाशित, पुनीत मिश्रद्वारा फेरि सम्पादित *बृहत्स्तोत्र-रत्नाकर*का ५६-५८ पृष्ठमा छापिएको *गणपतिस्तोत्र* ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मल्लकालको *जातिनिर्णय*

-महेशराज पन्त

नेवारहरूका थरीथरीका जातको फेहरिस्त ललितपुरबाट जोशी रिसर्च इन्स्टिट्युटद्वारा प्रकाशित *रोलम्ब* पत्रिकाको, ई.सं. १९८१ जनवरी-मार्च तदनुसार वि.सं. २०३८ मा छापिएको १ वर्ष १ अङ्कको नेपाली खण्डका ७-८ पृष्ठमा *जातिमाला* भन्ने नाउँले छापिएको छ। त्यसमा नेवारहरूका ८२ जातको फेहरिस्त संस्कृत पद्यमा लेखिएको छ र त्यसको नेवारी अर्थ भिन्नै दिइएको छ।

वि.सं. २०४३ फाल्गुनको कुरा हो। त्यसताका म नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनामा काम गर्थें। मेरो काम माइक्रोफिल्म गर्न ल्याइएका, लेखोट पुस्तकको विवरणात्मक कार्ड बनाउनु थियो। ललितपुरका पण्डित मदनमोहन मिश्र (वि.सं. १९८८-२०७०) बराबर त्यस्ता पुस्तक लिई आउँथे। उनले ल्याएका त्यस्ता पुस्तकमध्ये एक पत्रमा मेरो आँखा पऱ्यो। त्यो मैले आफैँले सारें। अनि वि.सं. २०४३ फाल्गुन २१ गते त्यसको माइक्रोफिल्म ई २००७/१४ नं.मा भयो।

त्यस पत्रमा *जातिनिर्नय* भन्ने नाउँले नेवारहरूका ६० जति जातको फेहरिस्त *रोलम्ब*मा छापिएकै शैलीमा संस्कृत पद्यमा लेखिएको छ र तिनमध्ये केहीको नेवारी पर्याय संस्कृत नाउँको ठीक माथि दिइएको छ। यस विषयमा खोजी गर्नेहरूलाई सजिलो होओस् भनी *जातिनिर्णय* जस्ताकोतस्तो यहाँ उतारेको छु।

अथ जातिनिर्नय ।।

कुलुया नाम पोरया नाम नायया नाम सघत
चर्मकारश्च मातंगी नियोगी रजकस्तथा ।।

धोबि कोना कौ कुमाल
धौबी च क्षत्रिकारश्च लोहकारश्च कुंडकृत् ।।

पिछुनिख षुसल
नालछेदी तंडुरश्च धान्यमानी बडी पुन ।।

गठ तेपय
किराती मांसविक्री च माली व्यंजनकारकृत् ।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पुंन
मांधुरो नटीजीवश्च शुनाविद्यश्च चित्रकृत् ।।

गायनो वाथ हामोश्च नटे वरुड एव च ।।
सुर्पकार्रविमारी च ‸ टंकाधारी तपोरुत ।।
कोजिकृद्भायलचंच गोपके परिवर्तनं ।।

तमोट
ताम्रकृत्स्वर्णकारश्च कांश्यकृकर्णिकस्तथा ।।

उदास अब्बाल
तुलाधरः कुर्भकारश्च क्षत्रकारश्च श्रृंषरी ।।

सिकर्मि
तक्षको दारुकारश्च रेपिको नापिकस्तथा ।।

भालिक शिल्पकारश्च मरिकृच्चिछकस्तथा ।।
सूपिक सजकारश्च शृवान्ने आलामस्तथा ।।
दैवज्ञो गणिकश्चैव ।। ज्योतिषो ग्रहचिंतका ।।
आचार्यो देवमा सर्वे देवचिंतश्च पूजितः ।
अमात्य सचिवो मंत्री कालस्थो लेखकस्तथा ।
भुजराजो नरेन्द्रश्च द्विज विप्रश्च ब्राह्मणः ।। ।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

त्रिभुवनविश्वविद्यालयले वि.सं. २०२३ मा लिएको परीक्षामा धाँधली नयराज पन्तको भनाइतर्फ फेरि एकपल्ट

[

वाङ्मुख

त्रिभुवनविश्वविद्यालयमा वि.सं. २०२३ मा भएको ज्यौतिषाचार्यको परीक्षामा त्यस परीक्षाका आयोजक प्राश्निक र परीक्षकसमेत भएका नयराज पन्तको निर्णयको विपरीत त्रिभुवनविश्वविद्यालयका अधिकारीहरूले धाँधली गरी जाँचमा फेल भएकालाई पास गराएका थिए। त्यस परीक्षामा काम गरेबापतको मेहनतानाका चेक दिई त्रिभुवनविश्वविद्यालयका कुलसचिवले वि.सं. २०२५ असार ७ गते नयराज पन्तलाई पत्र पठाएका थिए। परीक्षामा धाँधली भएकोले ती चेक फिर्ता गर्दै **त्रिभुवन-विश्वविद्यालयको परीक्षक हुनु म आफूलाई कलङ्कित भएको सम्झन्छु** (नयराज पन्त २०२५: २४३-२४४) भनी वि.सं. २०२५ असार १३ गते उनले पत्र लेखेका थिए।

नयराज पन्त परलोक हुनुभन्दा १३ महीनाअगाडि उनको एउटा लेख (नयराज पन्त २०५८) *त्रि.वि.को कर्तुत राजालाई जाहेर* भन्ने नाउँले छापिएको छ। लेख हेर्दा त्यो लेख नयराज पन्तको आफ्नै नभई उनले भनेको कुरा कसैले लेखबद्ध गरेको हो कि जस्तो मलाई लाग्छ। त्यहाँ नयराज पन्तले प्रयोग नगर्ने **ज्योतिष, कार्यकक्ष, सक्षम, तत्कालीन** जस्ता अशुद्ध शब्द परेकाले, ह्रस्वदीर्घ आदि वर्णविन्यास पनि त्यस लेखमा ठाउँठाउँमा नमिलेकोले र मैले बुझेसम्म लेखको शैली पनि उनको नभएकोले मैले यसो भनेको हुँ। जे भए पनि त्यस लेखमा उनको धारणा व्यक्त भएको कुरामा चाहिँ शङ्का छैन।

यसको अर्को महीना *झिसमिसे* पत्रिकाका सम्पादकहरूसँग आफूले गरेको कुराकानीमा पनि नयराज पन्तले परीक्षामा भएको धाँधलीको विषयमा कुरा गरे पनि *गरिमा* पत्रिकामा छापिएको लेखमा जस्तो यही कुरा जाहेर गर्न आफू राजाकहाँ पुगेको विषयमा बोलेका छैनन् (नयराज पन्त २०५८ क: २३)।

वि.सं. २०२३ मा परीक्षामा धाँधली भएको विषयमा नयराज पन्तले त्रिभुवनविश्वविद्यालयका रजिस्ट्रारलाई वि.सं. २०२३ माघ २८ गते पत्र लेखेका थिए। त्यसै विषयमा कुलपति श्री ५ महेन्द्रलाई भेटी जाहेर गर्न दर्शनको लागि समय मागेर उनले वि.सं. २०२३ फागुन ३ गते बिन्तीपत्र हाले। दरबारबाट जवाफ नआएकोले दर्शनको विशेष आग्रह गरी पछि फेरि चैत ६ गते उनले श्री ५ कहाँ अर्को बिन्तीपत्र उनले हाले। त्यही दिन भेटको लागि समय दिई दरबारबाट पत्र आयो र अनि नयराज पन्त भेट गर्न गए।

नयराज पन्तको पालाको परीक्षाकाण्डबारे आआफ्नो समझअनुसार अरूहरूले पनि कसैले छिटपुट, कसैले अलि लामो गरी लेखेका छन्।[१] तिनमा अलका शर्मा (२०६०: १४१), पुष्कर लोहनी (२०६१: २०-२२)

---

१. छविलाल गजुरेल [२०४३] २०५९: ३६, हंसपुरे सुवेदी [२०५२] २०५५: ३०, सञ्जय घिमिरे [२०५३]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

र दिनेशराज पन्त (२०६६)का लेखबाट बढी कुरा थाहा हुन्छ। कहिल्यै राजासँग दर्शनभेट नमागेका नयराज पन्तले कुलपति श्री ५ महेन्द्रलाई यस परीक्षाकाण्डको विषयमा जाहेर गर्न भेटेको कुरा नयराज पन्त २०५८: १६ मा र पुष्कर लोहनी २०६१: २०-२२ मा र विष्णुप्रसाद पोखरेल २०६२: ६८ मा परेको छ। यसो भए पनि नयराज पन्तले दर्शनभेटको लागि समय मागी श्री ५ महेन्द्रलाई लेखेका पत्र भने अहिलेसम्म छापिएका थिएनन्। ती पत्र र अझै अप्रकाशित अवस्थामा रहेको, वि.सं. २०२३ माघ २८ गते नयराज पन्तले रजिस्ट्रारलाई लेखेको पत्र अहिले यहाँ छपाइँदैछन्।

यी सबै पत्र लक्ष्मीपति-नयराजसङ्ग्रहमा सुरक्षित छन्। रजिस्ट्रारलाई वि.सं. २०२३ माघ २८ गते लेखेको पत्र दिनेशराज पन्तको हस्ताक्षरमा साफीरूपको छ र त्यसको कार्बोन कपी छ। वि.सं. २०२३ फागुन ३ गते श्री ५ लाई लेखेको पत्र महेशराज पन्तको हस्ताक्षरमा खेस्रा रूपको छ। दोस्रो पत्रका २ पाठ छन्। ती दुवै साफी रूपका छन् र दुवै क़ार्बोन कपी हुन्। ती २ पाठमध्ये पहिलो विस्तृत रूपको र अर्को अलि संक्षिप्त छ। अघिल्लो दिनेशराज पन्तको र पछिल्लो धनवज्र वज्राचार्यको हस्ताक्षरमा छ। दोस्रो पत्रका २ पाठमध्ये अघिल्लो लामो भएकोले दरबारमा पठाउनचाहिँ धनवज्र वज्राचार्यको हस्ताक्षरमा भएको पाठ पठाएको हुनुपर्छ।

यो लेख लेख्दा काम लिइएका साधनको तालिका

अनिरुद्ध तिमसिना २०६०

= *प्रज्ञा मनीषीः नयराज पन्तका* १५६-१६१ पृष्ठमा छापिएको अनिरुद्ध तिमसिनाको *विद्रोह र स्वाभिमानका प्रतिमूर्तिः नयराज पन्त*।

अनिल कुमार पोखरेल र अपार कुमार लम्साल २०६३

= *असाधारण विद्वान् नयराज पन्तका* १३१-१३४ पृष्ठमा छापिएको, अनिल कुमार पोखरेल र अपार कुमार लम्सालको *स्वाभिमानका सगरमाथाः नयराज पन्त- संक्षिप्त समीक्षा*।

२०६२: १२४, जनकलाल शर्मा २०५५: ३-४, हर्षनाथ शर्मा भट्टराई २०५९: ४, भरतराज पन्त २०५९: ३१-३२, कुलप्रसाद खनाल २०५९: ८४, गुहनाथ पौडेल २०६०: २६-२७, इन्दिरा जोशी [२०६०] २०६२: ६२-६३, विश्वराज पाण्डे २०६०: ३४, अनिरुद्ध तिमसिना २०६०: १६१, गोपाल भण्डारी २०६०: १७७, नरेन्द्र चापागाईं २०६१: ८३, मेदिनीप्रसाद नेपाल २०६१: ११०, नारायण तिवारी २०६१: १५८, रोचक घिमिरे २०६१: १६८, गौरीबहादुर कार्की २०६१: १७२, रविमान लमजेल २०६१: १८३, तेजराज खतिवडा २०६१: २०१-२०२, बद्री पलिखे २०६२: ३९, विष्णुप्रसाद पोखरेल २०६२: ६८, मनस्विराज पन्त २०६२: ८०, पीताम्बरलाल यादव २०६२: ९०, रामप्रसाद पन्त २०६३: २३-२४, लक्ष्मीप्रसाद दाहाल २०६३: ७०, भूपनिधि पन्त २०६३, अनिल कुमार पोखरेल र अपार कुमार लम्साल २०६३: १३२-१३३, माधव काफ्ले २०६४: ४६।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अलका शर्मा २०६०

= *प्रज्ञा मनीषीः नयराज पन्तका* १३७-१४१ पृष्ठमा छापिएको अलका शर्माको *आफ्नै परिवारका दृष्टिमा प्राज्ञ पन्त-नयराज पन्तका कान्छा सुपुत्र प्रा. दिनेशराज पन्तसँगको कुराकारी* *[२]।

असाधारण विद्वान् नयराज पन्त

= वि.सं. २०६३ मा काठमाडौँबाट ज्ञानगुनसाहित्यप्रतिष्ठान र ललितपुरबाट एम्स एकेडेमी उच्च मा.वि.द्वारा प्रकाशित, शेषराज सिवाकोटीद्वारा सम्पादित *असाधारण विद्वान् नयराज पन्त* ।

इन्दिरा जोशी [२०६०] २०६२

= वि.सं. २०६० कार्तिक १२ गते बुधवारको दिन काठमाडौँबाट प्रकाशित *कान्तिपुर*को ७ पृष्ठमा छापिएको, इन्दिरा जोशीको *प्रज्ञा क्षेत्रका लौहपुरुष पं. नयराज पन्त*।

*नेपालका बौद्धिक विभूति नयराज पन्त*का ६१-६४ पृष्ठमा फेरि प्रकाशित ।

कुलप्रसाद खनाल २०५९

= *स्वाभिमानका सगरमाथा नयराज पन्त*का ७८-८५ पृष्ठमा छापिएको, कुलप्रसाद खनालको *प्राज्ञ पन्त : साधना र आत्मसम्मानको प्रतीक*।

गुहनाथ पौडेल २०६०

= वि.सं. २०६० मा काठमाडौँबाट आगमप्रकाशनद्वारा प्रकाशित, गुहनाथ पौडेलको *आँसीको रात*का २१-६१ पृष्ठमा छापिएको, उनैको *महाविद्यावारिधि पं. नयराज पन्त*।

गोपाल भण्डारी २०६०

= *प्रज्ञा मनीषीः नयराज पन्त*का १७३-१८१ पृष्ठमा छापिएको गोपाल भण्डारीको *दीर्घतपस्वी गुरु पं. नयराज पन्तको योगदान-परिचय*।

गौरीबहादुर कार्की २०६१

= *नयराज पन्तः स्मृति र स्पन्दन*का १७०-१७५ पृष्ठमा छापिएको, गौरीबहादुर कार्कीको *आचार्य नयराज पन्तज्यूको सम्बन्धमा केही कुरा*।

छविलाल गजुरेल [२०४३] २०५९

= वि.सं. २०४३ मा ललितपुरबाट साझा प्रकाशनद्वारा प्रकाशित *गरिमा* ५२ पूर्णाङ्कका ७५-७९ पृष्ठमा छापिएको, छविलाल गजुरेलको *नेपाली गणितज्ञ पं. नयराज पन्त*।

*स्वाभिमानका सगरमाथा नयराज पन्त*का ३४-३९ पृष्ठमा फेरि प्रकाशित ।

जनकलाल शर्मा २०५५

= *नयराज पन्तः नेपालका सुकरात*का १-४ पृष्ठमा छापिएको, जनकलाल शर्माको *सत्यनिष्ठाका प्रतिमूर्ति नयराज पन्त*।

---

२. यस लेखमा जहाँ जहाँ यस्तो *चिह्न दिइएको छ, त्यसको अर्थ त्यो अशुद्ध शब्द जस्ताकोतस्तै सारिएको भन्ने हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ज्ञानका ज्योतिःपुञ्ज नयराज पन्त

= वि.सं. २०६४ मा काठमाडौँबाट ज्ञानगुनसाहित्यप्रतिष्ठान र ललितपुरबाट एम्स एकेडेमी उच्च मा.वि.द्वारा प्रकाशित, शेषराज सिवाकोटीद्वारा सम्पादित *ज्ञानका ज्योतिःपुञ्ज नयराज पन्त* ।

तेजराज खतिवडा २०६१

= *नयराज पन्तः स्मृति र स्पन्दन*का १९७-२०४ पृष्ठमा छापिएको, तेजराज खतिवडाको *विचित्र स्वभावका प्रतिभाशाली स्रष्टाः नयराज पन्त*।

दिनेशराज पन्त २०६६

= वि.सं. २०६६ मा कीर्तिपुरबाट त्रिभुवनविश्वविद्यालयको सूचनाशाखाद्वारा प्रकाशित *त्रिभुवन विश्वविद्यालय स्वर्ण जयन्ती स्मारिका-* २०६६ का २६-२७ पृष्ठमा छापिएको, दिनेशराज पन्तको *त्रिभुवन विश्वविद्यालयको पहिलो सम्झना*।

नयराज पन्त २०२५

= वि.सं. २०२५ मा प्रकाशित *पूर्णिमा* १९ पूर्णाङ्कका २२६-२५६ पृष्ठमा छापिएको, नयराज पन्तको *प्रतिसंस्कृत सर्वानन्दकरणको प्रस्तावना* (२२६-२४४ पृष्ठ)मा अन्तर्भूत *त्रिभुवन-विश्वविद्यालयमा मेरो अध्यापकत्व* (२३३-२४४ पृष्ठ) ।

नयराज पन्त २०५८

= वि.सं. २०५८ मा ललितपुरबाट साझा प्रकाशनद्वारा प्रकाशित *गरिमा* २२६ पूर्णाङ्कका १५-१६ पृष्ठमा छापिएको, नयराज पन्तको *त्रि.वि.को कर्तुत राजालाई जाहेर*।

नयराज पन्त २०५८ क

= वि.सं. २०५८ मा काठमाडौँबाट जीवेन्द्रदेव गिरी*को प्रधानसम्पादकत्वमा अमर गिरी*, रमेशप्रसाद भट्टराई, धर्मराज अधिकारी र फणीन्द्रराज निरौलाको सम्पादकत्वमा प्रकाशित *झिसमिसे* ३७ पूर्णाङ्कका ७-३२ पृष्ठमा छापिएको, नयराज पन्तसँगको वार्तालाप *प्रजातन्त्र आयो, विद्यामा क्रान्ति आएन*।

नयराज पन्तः नेपालका सुकरात

= वि.सं. २०५५ मा काठमाडौँबाट ज्ञानगुनसाहित्यप्रतिष्ठान र ललितपुरबाट एडभान्स इन्टरनेसनल मोडेल स्कूलद्वारा प्रकाशित, शेषराज सिवाकोटीद्वारा सम्पादित *नयराज पन्तः नेपालका सुकरात* ।

नयराज पन्तः स्मृति र स्पन्दन

= वि.सं. २०६१ मा काठमाडौँबाट ज्ञानगुनसाहित्यप्रतिष्ठान र ललितपुरबाट एम्स एकेडेमी उच्च मा.वि.द्वारा प्रकाशित, शेषराज सिवाकोटीद्वारा सम्पादित *नयराज पन्तः स्मृति र स्पन्दन* ।

नरेन्द्र चापागाईं २०६१

= *नयराज पन्तः स्मृति र स्पन्दन*का ८१-८६ पृष्ठमा छापिएको, नरेन्द्र चापागाईंको *'आँसीको रात' पढ्दा मलाई लागेका कुरा*।

नारायण तिवारी २०६१

= *नयराज पन्तः स्मृति र स्पन्दन*का १५८-१६० पृष्ठमा छापिएको, नारायण तिवारीको *नयराज पन्तप्रति श्रद्धा सुमन*।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नेपालका बौद्धिक विभूति नयराज पन्त

= वि.सं. २०६२ मा काठमाडौँबाट ज्ञानगुनसाहित्यप्रतिष्ठान र ललितपुरबाट एम्स एकेडेमी उच्च मा.वि.द्वारा प्रकाशित, शेषराज सिवाकोटीद्वारा सम्पादित *नेपालका बौद्धिक विभूति नयराज पन्त* ।

पीताम्बरलाल यादव २०६२

= *नेपालका बौद्धिक विभूति नयराज पन्तका* ८९-९१ पृष्ठमा छापिएको, पीताम्बरलाल यादवको *अतुलनीय व्यक्तित्वः नयराज पन्त*।

पुष्कर लोहनी २०६१

= *नयराज पन्तः स्मृति र स्पन्दनका* १-२३ पृष्ठमा छापिएको, पुष्कर लोहनीको *नयराज पन्तः नयराजकै शब्दमा*।

प्रज्ञा मनीषीः नयराज पन्त

= वि.सं. २०६० मा काठमाडौँबाट ज्ञानगुनसाहित्यप्रतिष्ठान र ललितपुरबाट एम्स एकेडेमी उच्च मा.वि.द्वारा प्रकाशित, शेषराज सिवाकोटीद्वारा सम्पादित *प्रज्ञा मनीषीः नयराज पन्त* ।

बद्री पलिखे २०६२

= *नेपालका बौद्धिक विभूति नयराज पन्तका* २६-४२ पृष्ठमा छापिएको, बद्री पलिखेको *स्वाभिमानी पं. नयराज पन्तः अनुसन्धान ग्रन्थ*।

भरतराज पन्त २०५९

= *स्वाभिमानका सगरमाथा नयराज पन्तका* २९-३३ पृष्ठमा छापिएको भरतराज पन्तको *गुरु नयराज पन्त*।

भूपनिधि पन्त २०६३

= *असाधारण विद्वान् नयराज पन्तका* ८९-९० पृष्ठमा छापिएको, भूपनिधि पन्तको *औँसीको रातः संक्षिप्त प्रतिक्रिया*।

मनस्विराज पन्त २०६२

= *नेपालका बौद्धिक विभूति नयराज पन्तका* ८०-८१ पृष्ठमा छापिएको, मनस्विराज पन्तको *पितामहको स्वर्गारोहणको चौथो वर्षमा*।

माधव काफ्ले २०६४

= *ज्ञानका ज्योतिःपुञ्ज नयराज पन्तका* ४३-४७ पृष्ठमा छापिएको, माधव काफ्लेको *'औँसीको रात' एक परिभ्रमण*।

मेदिनीप्रसाद नेपाल २०६१

= *नयराज पन्तः स्मृति र स्पन्दनका* १०७-११४ पृष्ठमा छापिएको, मेदिनीप्रसाद नेपालको *'औँसीको रात': एक अध्ययन*।

रविमान लमजेल २०६१

= *नयराज पन्तः स्मृति र स्पन्दनका* १८२-१८३ पृष्ठमा छापिएको, रविमान लमजेलको *'नयराज पन्तको वैशिष्ट्य*।

रामप्रसाद पन्त २०६३

= *असाधारण विद्वान् नयराज पन्तका* २०-२४ पृष्ठमा छापिएको, रामप्रसाद पन्तको *एउटा सिद्ध पुरुषः नयराज पन्त*।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

रोचक घिमिरे २०६१

= *नयराज पन्तः स्मृति र स्पन्दनका* १६५-१६९ पृष्ठमा छापिएको, रोचक घिमिरेको *नेपालको विद्वद्परम्परा* का कालजयी व्यक्तित्व*।

लक्ष्मीप्रसाद दाहाल २०६३

= *असाधारण विद्वान् नयराज पन्तका* ६८-७३ पृष्ठमा छापिएको, लक्ष्मीप्रसाद दाहालको *निर्भीक व्यक्तित्वः नयराज पन्त*।

विश्वराज पाण्डे २०६०

= *प्रज्ञा मनीषीः नयराज पन्तका* ३३-३६ पृष्ठमा छापिएको, विश्वराज पाण्डेको *केही शब्दसुमन नयराज पन्तमा अर्पण*।

विष्णुप्रसाद पोखरेल २०६२

= *नेपालका बौद्धिक विभूति नयराज पन्तका* ६५-७२ पृष्ठमा छापिएको, विष्णुप्रसाद पोखरेलको *'नयराज पन्तः स्मृति र स्पन्दन' भित्र चहार्दा*।

सञ्जय घिमिरे [२०५३] २०६२

= वि.सं. २०५३ वैशाख २९ गते शनिवारको दिन काठमाडौँबाट प्रकाशित *हिमालय टाइम्स*को ग पृष्ठमा छापिएको, सञ्जय घिमिरेको *'नपढ्ने मान्छे यस कोठामा नपस्नुहोला'*।

नेपालका बौद्धिक विभूति नयराज पन्तका १२२-१२५ पृष्ठमा फेरि प्रकाशित।

स्वाभिमानका सगरमाथा नयराज पन्त

= वि.सं. २०५९ मा काठमाडौँबाट ज्ञानगुनसाहित्यप्रतिष्ठान र ललितपुरबाट एडभान्स इन्टरनेशनल मोडेल उच्च मा.वि.द्वारा प्रकाशित, शेषराज सिवाकोटीद्वारा सम्पादित *स्वाभिमानका सगरमाथा नयराज पन्त* ।

हंसपुरे सुवेदी [२०५२] २०५५

= वि.सं. २०५२ मा प्रकाशित गरिमा १५१ पूर्णाङ्कका ४९-५६ पृष्ठमा छापिएको, हंसपुरे सुवेदीको *उहाँ कहिल्यै निहुरनुभएन*।

नयराज पन्तः नेपालका सुकरातका २२-३३ पृष्ठमा फेरि प्रकाशित।

हर्षनाथ शर्मा भट्टराई २०५९

= *स्वाभिमानका सगरमाथा नयराज पन्तका* १-६ पृष्ठमा छापिएको, हर्षनाथ शर्मा भट्टराईको *मेरो दृष्टिमा नयराज पन्त*।

महेशराज पन्त]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नयराज पन्तले रजिस्ट्रारलाई वि.सं. २०२३ माघ २८ गते लेखेको चिठी

त्रिभुवन-विश्वविद्यालयका रजिस्ट्रारज्यू

वि.सं. २०२२ को सिद्धान्त ज्यौतिष आचार्य तृतीयखण्डको तृतीयपत्रको प्राश्निक तथा परीक्षक सो विश्वविद्यालयले मलाई बनाएको हो । यसमा परीक्षार्थी २ जना थिए । ती दुवै अनुत्तीर्ण भएका थिए । अहिले ती प्रथम तथा द्वितीय श्रेणीमा उत्तीर्ण भए भनी गोरखापत्रमा प्रकाशित भएको देखियो । यसरी प्राश्निक तथा परीक्षकको निर्णय विरुद्ध विश्वविद्यालयले काम गर्न लागेपछि काम कसरी चल्ला भन्ने कुराको शङ्का उठ्न सक्तछ ।

भवदीय-

२०२३।१०।२८।६ **नयराज पन्त**

श्री ५ महेन्द्रलाई नयराज पन्तले वि.सं. २०२३ फागुन ३ गते चढाएको बिन्तीपत्र

श्रीः

श्री ५ महाराजाधिराज सरकारको जुनाफमा

बिन्तीपत्र

विषय- शिक्षासम्बन्धी अत्यन्त जरूरी एउटा कुरा सरकारको जुनाफमा बिन्ती चढाउनाको लागि समय पाऊँ ।

नेपाल राजकीय संस्कृतमहाविद्यालयमा सिद्धान्तज्यौतिष पढाएर मैले पेट पालेको छु ।

नेपालको इतिहासलाई यथार्थ रूपमा आफैंले जान्न, आफ्ना विद्यार्थीहरूलाई पढाउन तथा प्रकाश गर्न पनि मैले धेरै वर्षदेखि आफ्नो शक्तिले भ्याएसम्म काम गर्दै आएको छु ।

एकलै भई यस्तो काम गर्न सम्भव नभएकोले केही विद्यार्थीहरूलाई साथमा लिई मैले यो काम चलाउँदै आएको छु । यस कामको फलस्वरूप अहिलेसम्म ६ वटा ठूला पुस्तक, ६३ वटा इतिहास-संशोधनपत्र, अरू निकै पुस्तिका, १२ भाग अभिलेख-संग्रह हामीहरूले प्रकाश गराएका छौं । ३ वर्ष यतादेखि "पूर्णिमा" नाउँको इतिहासप्रधान त्रैमासिक पत्रिका पनि हामीहरूले प्रकाश गरी आइरहेका छौं । यस कामलाई अरू पनि हामीहरूले चलाउँदै लाने विचार गरेका छौं । विद्याप्रेमी सरकारको जो हुकूम ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

श्रीडिल्लीरमण रेग्मीजी हामीहरूले प्रकाश गरेका कुरालाई अप्रकाशित भन्दै आफ्नो नाउँमा प्रकाश गर्न लाग्नुभएको छ । यसरी विद्याको चोरी हुन लागेपछि स्वदेशमा विद्या कसरी सप्रला भन्ने लागेकोले सरकारको जुनाफमा बिन्ती चढाएको छु । जो हुकूम ।

अहिले शिक्षासम्बन्धी अत्यन्त जरूरी एउटा कुरा सरकारको जुनाफमा बिन्ती चढाउनु अत्यन्त आवश्यक भएकोले सरकारको दर्शनको लागि समय पाऊँ । जो हुकूम ।

संशोधन-मण्डल सरकारको भक्त प्रजा

१०/४५२ महाबौद्ध, काठमाडौँ नयराज पन्त

वि.सं. २०२३।११।३।४

नाम नयराज पन्त

दर्जा नेपाल राजकीय संस्कृतमहाविद्यालयका आचार्य

ठेगाना संशोधन-मण्डल १०/४५२ महाबौद्ध, काठमाडौँ

नयराज पन्तले श्री ५ महेन्द्रलाई वि.सं. २०२३ चैत ६ गते चढाएको बिन्तीपत्र

(एउटा पाठ)

श्री ५ महाराजाधिराज सरकार !

लिच्छविकालमा नेपालराज्य करीब करीब अहिले जत्रै थियो । यस बेलाको नेपालको माथिल्लो स्तरको विद्यालाई त्यस वेलाका अभिलेखहरूले प्रकट गर्छन् ।

लिच्छविकालपछि नेपालको विद्याको स्तर गिर्दै गयो र नेपालराज्य टुक्रिन लाग्यो । यो कुरा पनि तिनताकाका अभिलेखले बुझाउँछन् ।

विक्रमको १९ औँ शताब्दीमा श्री ५ बडा महाराज पृथ्वीनारायण शाहको अदम्य उत्साह र बुद्धिमानीले गर्दा नेपालराज्यको एकीकरण प्रारम्भ हुन लाग्यो । उहाँका सुपुत्र राजकुमार बहादुर शाहको प्रबन्धबाट नेपालले आफ्नो

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्वरूप भेट्टाउन सक्यो । यस वेला नेपालको विद्याको स्तर उठ्न लागेको थियो भन्ने कुरा तिनताकाका विद्वान्हरूको लेखबाट बुझिन्छ । यसपछि दुर्भाग्यले गर्दा साना उमेरका राजाहरूलाई पाई बीचका मनुष्यहरूले आफ्नो स्वार्थसाधन गरे र लेखपढमा पनि नानाथरीका भांजा हाले । अहिले सौभाग्यले प्रौढ उमेर तथा विचारका सरकारलाई नेपालले श्री ५ पृथ्वीनारायण शाहको योग्य उत्तराधिकारीको रूपमा पायो ।

दण्डनीतिर्यदा सम्यङ् नेतारमधितिष्ठति ।
तदा विद्याविदः शेषा विद्याः सम्यगुपासते ।।

(कामन्दकीयनीति २ सर्ग)

[जुन वेला राजदण्ड योग्य राष्ट्रनायकको हातमा रहन्छ । त्यस वेला विद्वान्हरूले राम्ररी सबै विद्या पढ्छन् ।]

यस उक्तिलाई सरकारको बुद्धिमानीपूर्वकको सुशासनले चरितार्थ गरायो र लेखपढ गर्ने मानिसलाई सुविधा हुने संविधान तथा ऐन बने ।

नेपालको इतिहासलाई विदेशीहरूले नानाथरी अपवादलाई बिगारिदिएका छन् । जस्तै एउटा सानो उदाहरण-

श्री ५ पृथ्वीनारायण शाहबाट निष्पक्ष बुद्धिले राष्ट्रका धर्मको संरक्षण भएको हो । तर विदेशी र तिनका अनुयायीहरूले नेपालमा श्री ५ पृथ्वीनारायण शाहबाट बौद्ध धर्मको अवनति गराइयो भन्ने लेख लेखे, छपाए तथा पढाए । यसको खण्डन इतिहास-संशोधन ६२ संख्यामा हामीले गरेका छौं ।

नेपालको इतिहासलाई यथार्थरूपमा आफैले जान्न आफ्ना विद्यार्थीहरूलाई पढाउन तथा प्रकाश गर्न मैले धेरै वर्षदेखि आफ्नो शक्तिले भ्याएसम्म काम गर्दै आएको छु ।

एकलै भई यस्तो काम गर्न सम्भव नभएकोले केही विद्यार्थीहरूलाई साथमा लिई मैले यो काम चलाउँदै आएको छु । यस कामको फलस्वरूप अहिलेसम्म ६ वटा ठूला पुस्तक, ६३ वटा इतिहास-संशोधनपत्र, अरू निकै पुस्तिका, १२ भाग अभिलेख-संग्रह हामीले प्रकाश गराएका छौं । ३ वर्ष यतादेखि "पूर्णिमा" नाउँको इतिहाससम्बन्धी त्रैमासिक पत्रिका पनि हामीले प्रकाश गरी आइरहेका छौं । त्यस कामलाई अझ पनि हामीले चलाउँदै लाने विचार गरेका छौं । विद्याप्रेमी सरकारको जो हुकुम ।

श्रीबालचन्द्र शर्माज्यू अशुद्ध पुस्तक दोहऱ्याई दोहऱ्याई छपाउन, श्रीसूर्यविक्रम ज्ञवालीज्यू बालचन्द्र शर्माले लेख्नुभएका अशुद्ध कुरालाई समर्थन गर्न, श्रीडिल्लीरमण रेग्मीज्यू हामीले प्रकाश गरेका कुरालाई अप्रकाशित भन्दै आफ्नो नाउँमा दर्ता गर्न लाग्नुभएको छ । यस्तो हुन लागेपछि विद्या कसरी सप्रला भन्ने चिन्ता हामीलाई लागेको छ । विवेकसागर सरकारको जो हुकुम ।

नेपाल राजकीय संस्कृत महाविद्यालयमा सिद्धान्त ज्यौतिष पढाएर मैले पेट पालेको छु ।

त्रिभुवन-विश्वविद्यालयले इतिहासका अशुद्ध पुस्तकलाई पाठ्यपुस्तक बनाइराख्ता संशोधनसमेत ती पुस्तक पढाइयून्

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भनी मैले सो विश्वविद्यालयमा प्रार्थना गरेथें । ओखती मीठो नभए जस्तो मेरो प्रार्थना पनि त्रिभुवन-विश्वविद्यालयका अधिकारीहरूलाई रुचिकर भएन र केही संघर्ष जस्तो भयो । अहिले बल्लतल्ल संशोधनसहित इतिहास पढाउन त्रिभुवन-विश्वविद्यालयले स्वीकार गऱ्यो ।

दुर्भाग्यले त्रिभुवन-विश्वविद्यालयसँग एउटा अर्को संघर्षमा अहिले म पर्न गएँ । सो यस प्रकारको छ–

त्रिभुवन-विश्वविद्यालयले वि.सं. २०१९ देखि ज्यौतिषविषयको परीक्षाको आयोजक मलाई बनाएको छ । आयोजकको सिफारिशअनुसार प्राश्निक तथा परीक्षक नियुक्त हुने नियम हुँदा वि.सं. २०१९ देखि मेरो आयोजकत्वमा ज्यौतिषविषयको परीक्षाको सञ्चालन त्रिभुवन-विश्वविद्यालयले गरिआएको छ । सो काम सन्तोषपूर्ण नै भएको थियो ।

वि.सं. २०२२ को सिद्धान्तज्यौतिषको आचार्य परीक्षाको तृतीय वर्षको तृतीय पत्रको प्राश्निक तथा परीक्षाको काम त्रिभुवन-विश्वविद्यालयले मलाई दिएको थियो । २ जना परीक्षार्थी थिए । दुवै अनुत्तीर्ण भएका थिए । भदौमा परीक्षा भएको थियो । अरूको परीक्षाफल कार्तिकमा निस्केको थियो । यी दुइजना अनुत्तीर्ण भएकाको परीक्षाफल अहिले माघको आखिरमा आई निकालियो । आयोजक, प्राश्निक तथा परीक्षासमेत भएको मसँग कुनै सल्लाह नगरी अनुत्तीर्ण दुवै विद्यार्थीमध्ये एउटा प्रथम श्रेणीमा र अर्को द्वितीय श्रेणीमा उत्तीर्ण भए भनी २०२३ माघ २८ गतेको गोरखापत्रमा प्रकाशित भयो । मैले उत्तीर्ण हुन सक्ने योग्यता भएका ती परीक्षार्थीलाई बेकाइदासँग अनुत्तीर्ण गरेको भए मलाई बोलाई तिमीले यहाँ यहाँ बेकाइदा गरेछौ भनी सप्रमाण देखाउनुपर्थ्यो । यसबापत मलाई कडा सजाय पनि गर्नुपर्थ्यो । होइन भने बीचैबाट यसरी प्राश्निक तथा परीक्षकको समेत राय नलिई विश्वविद्यालयले काम गरेको सर्वथा अनुचित हो । यस विषयमा मैले विश्वविद्यालयमा लिखित पत्र दिई जवाफ माग्दा सो विश्वविद्यालय आलटाल गरी कालक्षेपण गर्न लागिरहेछ ।

यसरी अधिकारीहरूले आफ्नो इच्छाअनुसार मनपर्दी गर्न लागेपछि हामी आयोजक, प्राश्निक तथा परीक्षक भएको के काम लाग्यो ।

त्रिभुवन-विश्वविद्यालय यही रीतअनुसार काम गर्छ भने नेपालमा विद्याको स्तर गिर्ने निश्चित छ । यो कुरो सरकारको सुशासनको लागि कलङ्कस्वरूप हुन लागेको छ । यस कारण असह्य भई सरकारमा यो कुरो जाहेर गरेको छु । जो हुकुम ।

संशोधन-मण्डल
महाबौद्ध, काठमाडौं
नेपाल
वि.सं. २०२३।१२।६।१

सरकारको भक्त प्रजा-
नयराज पन्त

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नयराज पन्तले श्री ५ महेन्द्रलाई वि.सं. २०२३ चैत ६ गते चढाएको बिन्तीपत्र

(अर्को पाठ)

श्री ५ महाराजाधिराज सरकार !

त्रिभुवन-विश्वविद्यालयले वि.सं. २०१९ देखि ज्यौतिषविषयको परीक्षाको आयोजक मलाई बनाएको छ । आयोजकको सिफारिशअनुसार प्राशिनक तथा परीक्षक नियुक्त हुने नियम हुँदा वि.सं. २०१९ देखि मेरो आयोजकत्वमा ज्यौतिषविषयको परीक्षाको सञ्चालन त्रिभुवन-विश्वविद्यालयले गरिआएको छ । सो काम सन्तोषपूर्ण नै भएको थियो ।

वि.सं. २०२२ को सिद्धान्तज्यौतिषको आचार्य-परीक्षाको तृतीय वर्षको तृतीय पत्रको प्राशिनक तथा परीक्षकको काम त्रिभुवन-विश्वविद्यालयले मलाई दिएको थियो । २ जना परीक्षार्थी थिए । दुवै अनुत्तीर्ण भएका थिए । भदौमा परीक्षा भएको थियो । अरूको परीक्षाफल कार्तिकमा निस्केको थियो । यी दुइ जना अनुत्तीर्ण भएकाको परीक्षाफल अहिले माघको आखिरमा आई निकालियो । आयोजक प्राशिनक तथा परीक्षकसमेत भएको मसंग कुनै सल्लाह नगरी अनुत्तीर्ण दुवै विद्यार्थीमध्ये एउटा प्रथम श्रेणीमा र अर्को द्वितीय श्रेणीमा उत्तीर्ण भए भनी २०२३ माघ २८ गतेको गोरखापत्रमा प्रकाशित भयो । मैले उत्तीर्ण हुन सक्ने योग्यता भएका ती परीक्षार्थीलाई बेकाइदासंग अनुत्तीर्ण गरेको भए मलाई बोलाई तिमीले यहाँ यहाँ बेकाइदा गरेछौ भनी सप्रमाण देखाउनुपर्थ्यो । यसबापत मलाई कडा सजाय पनि गर्नुपर्थ्यो । होइन भने बीचैबाट यसरी आयोजक, प्राशिनक तथा परीक्षकको समेत राय नलिई विश्वविद्यालयले काम गरेको सर्वथा अनुचित हो । यस विषयमा विश्वविद्यालयमा लिखित पत्र दिई जवाफ माग्दा सो विश्वविद्यालय आलटाल गरी कालक्षेपण गर्न लागिरहेछ ।

नेपालमा विद्वान्हरूको संख्या कम भएको हुनाले विद्यार्थीहरूलाई प्रोत्साहन दिन विद्यार्थीहरूलाई उत्तीर्ण गराउने नीति त्रिभुवन-विश्वविद्यालयले लिएको हो भनूं भने तापनि दुवै पत्रमा उत्तीर्ण भएर पनि जम्मामा १ अङ्क नपुग्दा अनुत्तीर्ण भएका विद्यार्थी पनि यसै वर्ष सिद्धान्तज्यौतिषको आचार्यको प्रथम वर्षमा भए । यस कारण कोही १ अङ्कबाट पनि अनुत्तीर्ण हुने कोही भने ४ अङ्क नपुगी अनुत्तीर्ण हुँदा पनि प्रथम श्रेणीमा उत्तीर्ण हुने प्रत्यक्ष देखियो ।

प्रथम श्रेणीमा उत्तीर्ण हुने विद्यार्थी त्रिभुवन-विश्वविद्यालयमा भूगोलविषयका प्राध्यापक तथा ज्योतिषविषयका प्राशिनक तथा परीक्षक छन् । जुन विश्वविद्यालयमा जो प्राध्यापक, प्राशिनक तथा परीक्षक छन्, उनै व्यक्ति सो विश्वविद्यालयमा परीक्षा दिन्छन्, आयोजक, प्राशिनक तथा परीक्षकको निर्णयविरुद्ध प्रथम श्रेणीमा उत्तीर्ण हुन्छन् । यो अनौठो कुरा भइरहेछ ।

यसरी बल पुगेकालाई केही गर्न नसक्ने र निर्धालाई मात्र अनुत्तीर्ण गराउने गरी आयोजक, प्राशिनक तथा परीक्षक भई काम गर्दा म आफैंलाई पनि कलङ्कित भएको संझन्छु ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यथार्थ कुरा सरकारमा जाहेर गरेको छु। सरकारको जो हुकूम।

संशोधन-मण्डल
महाबौद्ध, काठमाडौं
वि.सं. २०२३।१२।६।१

सरकारको भक्त प्रजा-
नयराज पन्त

श्री ५ महेन्द्रको दर्शनको निमित्त वि.सं. २०२३ चैत ६ गते आएको पत्र

प्रस्वस।मनप।३१९७।१

श्री ५ महाराजाधिराजका सचिवालय

श्री प्रमुख स्वकीय सचिव
राज दरवार
नेपाल
६ चैत्र २०२३

श्री पं. नयराज पन्त
सम्सेाधन मण्डल
१०।४५२ महाबेाद्ध
काठमाडेां

श्री ५ महाराजाधिराजको दर्शनको निमित्त तपांइ लाइ आज रातको ८.१५ बजे टायम बक्सेको छ।

भवदीय
श्री ५ महाराजा धिराज
का
प्रमुख स्वकीय सचिव
पुष्पराज
बडाकाजी पुष्पराज
२०२३ चैत्र ६।१

CC-0. Nepal Sanskrit Academy, Kathmandu

चौँतीसौँ वर्षको आम्दानीखर्चको विवरण

आम्दानी	**११२८११२।७४**
नेपालसरकार शिक्षामन्त्रालयबाट	
श्री ५ को सरकार मन्त्रिपरिषत्सचिवालयको २०५७।७।२४ को निर्णयअनुसार	
आ.व. २०६७।६८ र आ.व. २०६८।६९ मा आएको	२००००।-
मदनपुरस्कारपुस्तकालयबाट संशोधन-मण्डलले पाएको अर्थसहायता	१०००।-
रामभक्त भोमिबाट संशोधन-मण्डलले पाएको अर्थसहायता	१०००।-
भवदेवपन्तप्रतिष्ठानबाट संशोधन-मण्डललाई प्राज्ञिक पुरस्कार दिँदा आएको	२५०००।-
मदनपुरस्कारगूठीबाट संशोधन-मण्डललाई जगदम्बाश्री पुरस्कार दिँदा आएको	२००००।-
साझाप्रकाशनमार्फत ३ आर्थिक वर्षमा *पूर्णिमा* बिक्री हुँदा आएको	१३४९।-
इतिहास-संशोधन प्रकाश हुन शुरू भएको उनान्साट्ठियौँ वर्षप्रवेशमा प्रदर्शनी गर्दा *अंशुवर्माहरूले व्यवहार गरेको संवत्को निर्णय, अभिलेख-संग्रह, इतिहास-संशोधन, इतिहास-संशोधनहरूको अभिनन्दनग्रन्थ, कालचक्रको ज्यौतिष भाग र त्यसको विवेचना (पहिलो भाग), ज्यौतिष, नेपालसंवत्को राष्ट्रिय मान्यताको अनौचित्य, पञ्चाङ्ग-संशोधन, पॉसकलेन स्वोपज्ञमिति प्रख्यापितं पाटी-गणित-त्रिभुजं वृत्तरत्नाकरोक्तैकद्व्यादि-लगक्रियैव, पूर्णिमा, मातृवियोग, रघुवंशपाठ्यपुस्तक (व्याकरण),रत्नदीप (मूलभाग), विद्या-रक्षा, वृत्तशतक, व्याकरण-संशोधन, श्री ३ महाराज पद्मशमशेरका कुरा, संक्षिप्त गोलविमर्श तथा हिन्दू गणितको उत्कर्ष, सावधान-पत्र* बिक्री हुँदा खर्च कटाई आएको	२८२७१।३४
संशोधन-मण्डलमार्फत बिक्री हुँदा	
अभिलेख-संग्रहबाट	६००।-
इतिहास-संशोधनबाट	८००।-
इतिहास-संशोधनहरूको अभिनन्दनग्रन्थबाट	५।-
कौटलीय अर्थशास्त्रको ऐतिहासिक व्याख्याबाट	५०।-
नेपालसंवत्को राष्ट्रिय मान्यताको अनौचित्यबाट	५०।-
पञ्चाङ्ग-संशोधनबाट	१००।-
पूर्णिमाबाट	९६९३४।-
विद्या-रक्षाबाट	२५०।-
वृत्तशतकबाट	३।-
व्याकरण-संशोधनबाट	८०।-
श्री ३ महाराज पद्मशमशेरका कुराबाट	८७।-
सावधान-पत्रबाट	१२५।-

CC-0. Nepal Sanskrit Academy, Kathmandu

दिनेशराज पन्तबाट संशोधन-मण्डलले पाएको अर्थसहायता	१४५०।-
मुद्दती खाताको ब्याज	१५९३९५।६८
बचत खाताको ब्याज	३०५९३।२
पोहोरको बाँकी (*पूर्णिमा* १३५ पूर्णाङ्कको ४३६ पृष्ठमा प्रकाशित)	३८०९६९।७०

खर्च

पूर्णिमा १३३ पूर्णाङ्कमा	**३१४७०६।-**
पूर्णिमा १३४ पूर्णाङ्कमा	२७८४४।-
पूर्णिमा १३५ पूर्णाङ्कमा	९३३०४।-
पूर्णिमा १३६ पूर्णाङ्कमा	३००२९।-
सहायकलाई	२२६२०।-
संशोधन-मण्डलको प्याड छाप्दा	९९७३०।-
*अभिलेख-संग्रह, इतिहास-संशोधन, पञ्चाङ्ग-संशोधन, पूर्णिमा, विद्या-रक्षा, व्याकरण-संशोधन, सावधानपत्र*को फोटोकपी गर्दा (बिक्रीको लागि)	५००।-
संशोधन-मण्डलका सामग्री सुरक्षित गर्न कार्टोन आदि खरीद गर्दा	१५९८३।-
*लक्ष्मीपति-नयराजसङ्ग्रह*मा भएका लेखोट पुस्तकमध्ये *काव्य*का पुस्तकको डिजिटल फोटो खिच्दा	२१५५।-
एक्स्टर्नल हार्ड डिस्क खरीद गर्दा	१००००।-
सीडी खरीद गर्दा	७०००।-
अरू	१०००।-
	४५४१।-

बाँकी	८१३४०६।७४
यसबाट रु. ४३०००।- मुद्दतीमा राखिएकोले बाँकी	७७०४०६।७४
मुद्दतीमा पहिले रहेको रु. ७८२०००।- (*पूर्णिमा* १३५ पूर्णाङ्कको ४३६ पृष्ठमा छापिएको) समेत जम्मा	८२५०००।-
बचत र मुद्दतीमा गरी जम्मा	१५९५४०६।७४

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा (इतिहास-प्रधान त्रैमासिक पत्रिका) का.मे.अ.द.नं. १५५/२४९

कार्यालय

संशोधन-मण्डल

२७ डल्लुआवासमार्ग

काठमाडौं

नेपाल

फोन नं. ४६७०३८०

४३०१०२५

४४३५७४९

ई-मेल – samshodhanamandala@yahoo.com

पो.ब.नं. ४१६६, काठमाडौं

वि.सं. २०७१ ज्येष्ठ

यस अङ्कको मूल्य रु. ३५०।-

यस अङ्कको लेआउट

पुरुषोत्तम महर्जनको

मुद्रक

श्री प्रेस

एकान्तकुना, जावलाखेल

ललितपुर

नेपाल

फोन नं. ५५३२८२२

ई-मेल – shreepress@wlink.com.np